# २०५१–५२

# २०५१ साल पुष ११ गते
# अर्थ मन्त्री भरतमोहन अधिकारीले
# प्रस्तुत गर्नु भएको बजेट वक्तव्य

श्री ५ को सरकार
अर्थ मन्त्रालय
काठमाडौ
२०५१

(नोट : यस आर्थिक बर्षमा आषाढ ३१ र पौष ११ गते दुई पटक बजेट वक्तव्य पेश भएको )

**सम्माननीय सभामुख महोदय,।**

१ नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७७ को उप-धारा (१) मा श्री ५ बाट प्रत्येक आर्थिक वर्षको सम्बन्धमा सदनहरुको संयुक्त बैठक समक्ष राजस्व र व्ययको अनुमान पेश गर्न लगाई बक्सने व्यवस्था रहेको सम्मानीत सदनलाई अवगत नै छ ।

२ २०५१ साल आषाढ २७ गते प्रतिनिधि सभा विघटन भएको र आषाढ २८ गते राष्ट्रिय सभाको अधिवेशन पनि अन्त्य भएको कारण आर्थिक वर्ष २०५१।५२ को राजस्व र व्ययको अनुमान सदनहरुको संयुक्त बैठक समक्ष पेश हुन सकेको थिएन ।

३ नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ को उपधारा (१) बमोजिम तत्काल काम चलाउन श्री ५ बाट विनियोजन अध्यादेश, २०५१, आर्थिक अध्यादेश, २०५१ , राष्ट्र ऋण उठाउने अध्यादेश, २०५१ तथा ऋण तथा जमानत (आठौं संशोधन) अध्यादेश, २०५१ जारी गरिबक्सेको थियो ।

४ यसै बीच मध्यावधि निर्वाचन पश्चात सरकार परिवर्तन भई संसदको आठौं अधिवेशन पनि शुरु भएको छ । प्रतिनिधि सभा नियमावली, २०४८ को नियम १०८ बमोजिम उपरोक्त अध्यादेशहरु यथावत वा संशोधन गरी प्रतिस्थापित गर्न विधेयकहरु प्रस्तुत गर्नु परेकोले वर्तमान सरकारलाई विनियोजन अध्यादेश, २०५१ र आर्थिक अध्यादेश, २०५१ संशाधन सहित तथा अन्य दुई अध्यादेशहरु यथावत् प्रतिस्थापित गर्न विधेयकहरु प्रस्तुत गर्न आवश्यक भएको छ ।

५ प्रतिनिधि सभा नियमावली, २०४८ को नियम १४८ को उप-नियम (२) मा वार्षिक अनुमान माथि छलफल भएपछि अर्थमन्त्रीले विनियोजन विधेयक प्रस्तुत गर्ने प्रावधान रहेको साथै उक्त नियमावलीको नियम १५५ मा वार्षिक अनुमान प्रस्तुत भएको लगत्तै पछि बसेको सभाको बैठकमा अर्थमन्त्रीले श्री ५ को सरकारको अर्थ सम्बन्धी प्रस्तावहरुलाई कार्यान्वयन गर्न बनेको आर्थिक विधेयक प्रस्तुत गर्नु पर्ने व्यवस्था रहेको छ ।

६ अत: विनियोजन अध्यादेश, २०५१ र आर्थिक अध्यादेश, २०५१ लाई प्रतिस्थापन गर्न विनियोजन विधेयक, २०५१ र आर्थिक विधेयक, २०५१ प्रस्तुत गर्नु अगावै नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७७ को उप-धारा (१) तथा प्रतिनिधि सभा नियमावली, २०४८ को नियम १४८ र १५५ को प्रयोजनको लागि आर्थिक वर्ष २०५१।५२ को समग्र राजस्व र व्ययको अनुमान सदनहरुको यस संयुक्त बैठक समक्ष प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**सभामुख महोदय,**

७ नेपाल अधिराज्यको इतिहासमा पहिलो पटक आमूल परिवर्तनको पक्षधर राजनैतिक पार्टीको हैसियतले ने.क.पा. (एमाले) को सरकार तर्फबाट यस गरिमामय सार्वभौम संसदमा देशको आर्थिक वर्ष २०५१।५२ को बजेट पेश गर्न पाउंदा मलाई गौरबको अनुभूति भइरहेको छ । यस ऐतिहासिक अवसरमा म सर्वप्रथम राष्ट्रियताको संरक्षण, प्रजातन्त्रको प्राप्ति र सामाजिक मुक्तिको निमित्त आजसम्मका आन्दोलनमा शहादत्त प्राप्त गर्नु भएका र नेपालको प्रतिष्ठा एवं जनताको मुक्तिका लागि जीवन आहुति दिनु हुने हालसम्मका सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्न चाहन्छु । यस घडीमा शोषित तथा पीडित जनताको मुक्तिका लागि वर्षौं वर्ष जेल यातना सहने वीर योद्धाहरुका बलिदान र त्यागको पनि म स्मरण गर्न चाहन्छु ।

**सभामुख महोदय,**

८ नेपालमा अहिलेसम्म समाजका विपन्न र कमजोर वर्गको पक्षधर राजनैतिक शक्तिले शासन व्यवस्थामा जाने सुअवसर पाएको थिएन । फलस्वरुप विगतमा देशका विपन्न र तल्लो वर्गको हित र कल्याणको पक्षमा कार्यहरु हुन सकेनन् । जनताको जनजीविकाको समस्या दिन प्रति दिन दयनीय बन्दै गयो । देशमा उपलब्ध आन्तरिक सीमित साधन तथा अरबौं रुपैयांको विदेशी सहायताको समुचित उपयोग हुन नसक्दा जनसंख्याको ठूलो हिस्सा विकासको प्रतिफल पाउनबाट बन्चित रह्यो । गरीबी तथा बेरोजगारीले व्यापकता लियो । जनताको जीवनस्तर खस्कंदै गयो । जनता दिनानुदिन राहत पाउनुको सट्टा आहत हुंदै गए । राष्ट्रिय उद्योग तथा व्यवसायको प्रवर्द्धन गर्दै अर्थतन्त्रलाई आत्मनिर्भरतातर्फ डोऱ्याउन नसक्दा अर्थतन्त्रमा परनिर्भरता बढ्दै गयो । प्रशासनिक निकायहरु स्वच्छ र जनमुखी हुन सकेनन् । त्यसैगरी प्रजातान्त्रिक मूल्य र मान्यताहरु कुल्चिइदै गए । निजी आग्रह र स्वार्थले प्राथमिकता पाउंदै गई राष्ट्रको हित विपरित कार्य गर्न समेत कुनै हिचकिचाहट भएन । राष्ट्रियतामा नै गम्भीर चुनौतीहरु थपिए । आज नेपाली जनताले यिनै प्रवृत्तिहरुको विरुद्ध उभिंदै राष्ट्रियता तथा जनताको जनजीविकाको पक्षमा अविरल संघर्ष गर्दै आएको ने.क.पा. (एमाले) लाई आफ्नो अभिमत दिई सत्तामा पुऱ्याएका छन् । म यो गरिमामय सदन मार्फत नेपाली जनतालाई विश्वास दिलाउन चाहन्छु कि हामी प्रजातान्त्रिक मूल्य र मान्यता अनुरुप आ- चुनावी घोषणापत्र मार्फत जनता सामु गरिएका वाचाहरु पूरा गर्नेछौं र सामन्ती शोषण र उत्पीडन समाप्त गर्दै जनताको समृद्धिको लागि तथा सवल राष्ट्रिय अर्थ तन्त्र निर्माण गर्ने कार्यमा सम्पूर्ण शक्ति केन्द्रीत गर्नेछौं ।



shilapatra.com

९ त्यसैले ने.क.पा. (एमाले) को सरकारको विकास प्रयास समाजका विपन्न, साधन विहीन र राज्यबाट उपेक्षित रहँदै आएका जनताको सर्वाङ्गीण उत्थानको निमित्त लक्षित रहनेछ । यस्तो वर्गको ठूलो भाग ग्रामीण तथा शहरी क्षेत्रमा भूमिहीन तथा सीमान्त साना किसान, कृषि मजदूर, श्रमिकहरु, अति साना घरेलु उद्यमी तथा व्यवसायीहरु, कमैया, तल्लो तहका राष्ट्र सेवकहरु र शिक्षकहरु, आदिवासीहरु, असहाय, वृद्धि र अपाङ्गहरु आदिका रुपमा पनि रहेका छन् । यस अतिरिक्त सामन्ती अन्याय र थिचोमिचोमा परेका तथा युगौंदेखि आवाज दबाइएका न्यायप्रेमी, देशभक्त र सच्चा प्रजातन्त्रवादी जनताप्रति पनि हाम्रो उत्तिकै जिम्मेवारी रहेको छ ।

**सभामुख महोदय,**

१० मैले माथिका कुराहरु उल्लेख गर्दा मुलुकको उत्थानमा उद्यमी, व्यापारी तथा व्यवसायीहरुले खेल्न सक्ने महत्वपूर्ण भूमिकालाई समेत ध्यानमा राखेको छु । खासगरी देशको औद्योगीकरण, उत्पादन वृद्धि र आपूर्ति स्थितिमा सुदृढीकरण तथा रोजगारीका अवसरहरुको सिर्जन ागर्नमा राष्ट्रिय उद्यमी, व्यापारी तथा व्यवसायीहरुको अतयन्त ठूलो योगदान हुने कुरामा यो सरकारको गहिरो विश्वास रहेको छ । त्यसैले यो सरकार यस वर्गको विकास तथा संरक्षणको निमित्त अनुकूल वातावरण तयार गर्न त्यत्तिकै प्रतिवद्ध रहने छ ।

**सभामुख, महोदय**

११ अर्थतन्त्रलाई नयां दिशा दिंदै राष्ट्रको हित अनुकूल अगाडि बढाउने बाटोमा हाम्रा सामु अनगिन्ती चुनौतिहरु रहेका छन् एकातर्फ आर्थिक वर्षको मध्यावधिमा आई केही दिनमा नै बजेट तर्जुमा गर्नु पर्दा हाम्रो मान्यता, आदर्श तथा प्रतिवद्धता अनुरुप बजेटलाई बहुसंख्यक जनताको हित अनुकूल निर्माण गर्ने क्रममा अनगिन्ती अवरोधहरु उपस्थित भए । अर्कोतर्फ ने.क.पा. (एमाले) ले सरकार बनाएको अवस्थामा अर्थतन्त्र संकटबाट गुज्रिरहेकोले त्यसलाई सुधार गर्नेतर्फ बढी ध्यान केन्द्रीत गर्नु परेको तथ्य पनि म यस गरिमामय सदन मार्फत जनताका बीचमा राख्न चाहन्छु । त्यसैले जनताका चाहना र आकांक्षालाई पूरा गर्ने बाटोतर्फ यो बजेटलाई वान्छित मात्रामा डोऱ्याउन सकिएको छैन । मलाई विश्वास छ, मेरा यी वाध्याताहरुलाई माननीय सांसदहरुका साथै आदरणीय जनताले पनि बुझिदिनु हुनेछ । मलाई के पनि विश्वास छ भने समग्र राष्ट्रको सर्वत्तोमुखी विकास तथा निर्माणका चुनौतिहरु सामना गर्न र जनताको खस्कंदो जीवनस्तर उकास्त विभिन्न राजनैतिक पार्टीहरुले पनि आ-आफ्ना जिम्मेवारी तथा जनताप्रतिको कर्तव्य सम्झी श्री ५ को सरकारलाई सहयोग पुऱ्याउने छन् ।

१२ अब म हाम्रो पार्टीले नेपाल अधिराज्यको शासन ग्रहण गर्दाको मुलुकको आर्थिक स्थितिको संक्षिप्त विवरण यस सदनमा प्रस्तुत गर्ने अनुमति चाहन्छु । माननीय सदस्यहरुलाई विदितै छ कि गत साढेतीन वर्षको अवधिमा राष्ट्र मन्द आर्थिक वृद्धि, बढ्दो बेरोजगारी, तीव्र महंगी, बढ्दो व्यापार घाटा, अधिक विदेशी ऋणभार तथा फैलिंदो गरीबीको स्थितिबाट गुज्रिरहेको तथ्य आधिकारीक रुपमा उपलव्ध आंकडाहरुको अध्ययनबाट पनि स्पष्ट हुन्छ । विगत ३ वर्षमा यथार्थ गार्हस्थ उत्पादन सन्तोषजनक रुपमा वृद्धि हुन सकेन र बढ्दो आय असमानताको बीचमा नेपाली जनताको औसत प्रतिव्यक्ति आयमा सीमान्त वृद्धि मात्र हुन सक्यो । यसै बीच उपभोक्ता मूल्यसूचिमा करीब ४० प्रतिशतले वृद्धि हुन गयो । अर्थतन्त्रमा आएको सुस्ती, मुद्रास्फितीको चर्को समस्या आदि कारणले गर्दा बेरोजगारी र गरीबीले झन व्यापकता लियो । जनताको जनजीविकाको समस्या अझ कष्टकर हुन पुग्यो । आयात तीव्ररुपले बढ्यो । यसले गर्दा अन्तर्राष्ट्रिय व्यापार घाटा गार्हस्थ्य उत्पादनको अनुपात आर्थिक वर्ष २०४७।४८ को १३.६ प्रतिशतको दांजोमा २०५०।५१ मा १६.८ प्रतिशत पुग्यो आयाततर्फ पूंजीगत वस्तुभन्दा उपभोग्य वस्तुको वृद्धिदर उच्च रह्यो । अर्कोतर्फ केही वस्तुहरुको निर्यातमा क्षणिक वृद्धि मात्र भयो र सो दिगो रहन सकेन ।

१३ राजस्वमा केही वृद्धि भए तापनि विकास खर्चमा व्यापक ह्रास आयो । विकास खर्चको पनि समुचित प्रयोग हुन सकेन । समग्रमा कूल खर्चमा साधारण खर्चको वृद्धिदर विकास खर्चको झण्डै दोब्बर रह्यो । यो प्रवृत्ति मुलुकको दीर्घकालीन विकास संभाव्यताको हिसावले निकै प्रतिकूल देखिएको छ । कूल विकास खर्चमा उद्योग तथा खानीको अनुपात नगण्य रह्यो र उद्योग तथा खानी क्षेत्रमा थप प्रतिकूल स्थितिको सिर्जना भयो । पूर्णरुपले स्वदेशी कच्चा पदार्थ र श्रममा आधारित विदेशी सहयोगबाट निर्मित कारखानाहरु समेत राष्ट्रिय हित विपरित निजीकरण गरियो । यसै बीच नेपालको वैदेशिक ऋण भार २०४८ असारको रु. ६० अरबबाट २०५१ असारमा रु. १०२ अरब भन्दा बढी पुग्यो ।

**सभामुख महोदय,**

१४ अब म चालू आर्थिक वर्षको प्रथम ४ महिनाको आर्थिक स्थितिको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु ।

१५ चालू आर्थिक वर्षको पहिलो चार महिनाको नगद प्रवाहमा आधारित सरकारी बीत्त कारोबारको तथ्यांक अनुसार गत आर्थिक वर्षको सोही अवधिको दांजोमा कूल खर्च १३.८ प्रतिशतले वृद्धि भई रु.७ अरब ७४ करोड ६ लाख र कूल साधन ३५.३ प्रतिशतले वृद्धि भई रु. ७ अरब ३० करोड ७३ लाख पुग्यो । गत आर्थिक वर्षको पहिलो चार महिनामा ९.२ प्रतिशतले बढेको साधारण खचृ चालू वर्षको सोही अवधिमा ६३.७ प्रतिशतको तीव्र दरले बढेर रु. ५ अरब २९ करोड ५१ लाख पुग्यो ।

म माननीय सांसदहरुलाई यो अवगत गराउन चाहन्छु कि भरखर सम्पन्न मध्यावधि निर्वाचनको लागि रु. ३२ करोड खर्च विनियोजन गरिएको भए तापनि यथार्थमा हालसम्म रु. ६३ करोड खर्च भइसकेको जानकारीमा आएको छ । यसबाट नेपाल जस्तो निर्धन राष्ट्रको लागि गत मध्यावधि निर्वाचन निकै खर्चिलो सावित भएको छ ।

१६ अर्थतन्त्रको दीर्घकालीन उत्पादनशील क्षमता बढाउने विकास खर्च भने २०५०।५१ को पहिलो चार महिनामा ६.१ प्रतिशतले वृद्धि भएकोमा चालू आर्थिक वर्षको सोही अवधिमा ३६.७ प्रतिशतले ह्रास भएको छ । विकास खर्चमा आएको तीव्र ह्रासले गर्दा नै सो अवधिमा बजेट घाटा रु. ४३ करोड ३३ लाखमा सीमिति रहेको देखिन आएको छ ।

१७ कूल निर्यात गत वर्षको पहिलो चार महिनाको तुलनामा चालू आर्थिक वर्षको सोही अवधिमा १७.५ प्रतिशतले घटेको छ । कुल आयात भने सोही वअधिमा २८.३ प्रतिशतले बढेकोले यस अवधिमा व्यापार घाटा अर्थतन्त्रले धान्नै नसक्ने गरी ७१.९ प्रतिशतले बृद्धि भएको छ ।

१८ कूल निर्यातमा ५० प्रतिशत भन्दा बढी योगदान पुऱ्याउदै आएको ऊनी गलैंचाको निर्यातमा गत वर्षदेखि नै ह्रास आउन थालेको छ । उपलव्ध तथ्यांक अनुसार यस आर्थिक वर्षको पहिलो चार महिनामा गत वर्षको सोही अवधिको तुलनामा यसको निर्यात ३६ प्रतिशतले घटेको छ । त्यस्तै अन्य प्रमुख निर्यातित वस्तुहरु दाल तथा भुसेतीलको निर्यातमा नाटकीय ह्रास आएको छ र तयारी पोशाकको निर्यात पनि घट्ने संभावना देखिएको छ । यसबाट चालू आर्थिक वर्षमा चालू खाता घाटा अझ तीव्र रुपले बढ्ने संभावना देखिएको छ ।

१९ मौद्रिक क्षेत्रतर्फ बढ्दो तरलताले गर्दा मूल्य तथा चालू खाता सन्तुलनको स्थितिमा प्रतिकूल असर पर्न गएको छ । अर्कोतिर बैंक निक्षेपको व्याजदर भन्दा मुद्रास्फीति दर उच्च रहेबाट वित्तीय क्षेत्रको बचत परिचालनमा शिथिलता आएको छ । बैंकहरुको निक्षेप दर र कर्जा दर बीचको फरक उच्च रहेबाट निक्षेपकर्ता तथा कर्जा लिने दुबैलाई प्रतिकूल प्रभाव परेको छ । त्यसको अलावा केही समय यता ग्रामीण जनता बैंकिङ्ग सेवाबाट विमुख हुन थालेका छन् ।

२० कृषि उत्पादनमा आएको ह्रासले बिग्रन पुगेको आपूर्ति स्थिति र बढ्दो मौद्रिक विस्तारले गर्दा चालू आर्थिक वर्षको पहिलो चार महिनामा मुद्रास्फीतिमा थप चाप पर्न गयो । गत वर्षको सोही अवधिको ८.४ प्रतिशतको तुलनामा चालू वर्षको प्रथम चार महिनामा मूल्य सूचि वृद्धिदर ८.९ प्रतिशत रहन गएको छ । उत्पादन स्थितिमा देखिएको व्यवधानको कारण मूल्य नियन्त्रण श्री ५ को सरकारको लागि अझ ठूलो चुनौतिको रुपमा खडा भएको छ ।

**सभामुख महोदय,**

२१ अनावृष्टि तथा अल्पवृष्टिको कारण चालू आर्थिक वर्ष वर्षे बालीको उत्पादनमा निकै प्रतिकूल असर परेको छ यसले गर्दा सम्पूर्ण कृषि क्षेत्रको गार्हस्थ्य उत्पादन गत आर्थिक वर्ष अनुकूल मौसमका कारण ७.७ प्रतिशतले बढेकोमा चालू वर्ष करीब १ प्रतिशतले घट्ने प्रारम्भिक अनुमान छ । अर्कोतर्फ सरकारले अवलम्बन गर्ने विभिन्न नीति र कार्यक्रमको वावजूद पनि माथि उल्लेख गरिएको चालू वर्षको चार महिनाको आर्थिक प्रवृत्तिलाई विचार गर्दा गैर कृषि क्षेत्रको उत्पादन पनि गत आर्थिक वर्षको ६.५ प्रतिशतको तुलनामा चालू आर्थिक वर्ष ५.४ प्रतिशत भन्दा माथि नजाने प्रारम्भिक अनुमान रहेको छ ।यसरी चालू आर्थिक वर्ष कूल गार्हस्थ्य उत्पादनको वृद्धिदर गत आर्थिक वर्षको संशोधित ६.९ प्रतिशतको तुलनामा २.८ प्रतिशतले मात्र वृद्धि हुने अनुमान गरिएको छ । अर्थतन्त्रमा देखा परेको यो न्यून वृद्धिदरको समस्यालाई निदान गर्न र अर्थतन्त्रलाई नयां गति दिने कार्यमा श्री ५ को सरकार गम्भीर भएर लागेको कुरा प्रति म माननीय सांसदहरुलाई आश्वस्त गराउन चाहन्छु ।

**प्रस्तावित बजेटका विकास सम्बन्धी अवधारणाहरु**

**सभामुख महोदय,**

२२ आर्थिक वर्षको मध्यभागमा आई बजेट तर्जुमा गर्नु पर्दा हाम्रो प्रतिवद्धता अनुरुप बजेटलाई नयां दिशा दिन थुप्रै कठिनाईहरुको सामना गर्नु परेको तथ्य मैले माथि नै उल्लेख गरी सकेको छु । अत्यन्त अप्ठ्यारो परिस्थितिमा बजेट तर्जुमा गर्नु पर्दा पनि पार्टीको प्रतिवद्धता अनुरुप बजेटलाई डोऱ्याउन विकासका केही निश्चित अवधारणाहरु अगाडि सारेको छु । यी अवधारणाहरु राष्ट्रिय हित तथा जनताको जनजीविकामा प्रतिकूल असर पारेका विगतका नीतिहरुमा सुधार र परिमार्जन गर्दै आर्थिक वृद्धिदर उच्च गर्ने, जनतालाई राहत दिंदै गरीबी निवारणमा सहयोग पुऱ्याउने तथा सबल राष्ट्रिय अर्थतन्त्र निर्माणमा टेवा पुऱ्याउने उद्देश्यबाट अभिप्रेरित छन् । निश्चित क्षेत्रलाई संरक्षण प्रदान गर्ने नाउंमा त्यसबाट सिर्जना हुने विसंगति र अर्थतन्त्रको दिगो विकासमा पर्न सक्ने गम्भीर प्रतिकूल असर वारे पनि हामी सजग छौं । त्यसैले अर्थतन्त्रको दक्षता बढाउन र सीमित साधनको समुचित प्रयोग गरी अर्थतन्त्रलाई नयां गति दिने उद्देश्यले देशभित्र स्वच्छ प्रतिस्पर्धा गराइने छ । त्यसका लागि आर्थिक सुधारका कार्यक्रमहरुलाई सन्तुलित ढंगले अगाडि बढाइनेछ । समग्र वित्तीय सन्तुलन खलबलिएमा त्यसबाट दीर्घकालीन विकास प्रयासमा समेत ठूलो प्रतिकूल असर पर्ने हुनाले मैले बजेट तर्जुमा गर्दा आर्थिक स्थायित्व ल्याउनेतर्फ पनि त्यत्तिकै ध्यान दिएको छु ।

२३ प्रत्यक्ष करको अनुपातलाई बढाउंदै कर लोचकतामा वृद्धि नगरेसम्म देशलाई आत्मनिर्भरतातर्फ डोऱ्याउन र विकास कार्यलाई सुनिश्चितता प्रदान गर्न नसकिने हुन्छ । यसका लागि विद्यमान कर प्रणालीमा पुनरावलोकन गरिनेछ र यसलाई बढी पारदर्शन, सरल र प्रगतिशील बनाइने छ । करको क्षेत्रमा प्राप्त विभिन्न सुझावहरु समेत ध्यानमा राखी करको पुनःसंरचना गरिनेछ । छोटो समयमा नै पनि राष्ट्रिय उद्योग र व्यवसायलाई प्रवर्द्धन गर्ने तथा न्यून आय भएका वर्गलाई करको भारबाट जोगाउने तर्फ पाइलाहरु चालिने छन् ।

२४ सरकारी लगानीको दक्षता बढाउंदै गरियोजनाहरु तत्काल प्रतिफल प्राप्त गर्ने क्षेत्रतर्फ केन्द्रीत नगरिएमा हाम्रो विकास प्रयासमा ठूलो अवरोध आउने देखिएकोले विकास आयोजना तथा कार्यक्रमहरुलाई पुनः प्राथमिकीकरण गर्नेतर्फ तत्कालै कदम चालिनेछ । विदेशी सहायताको उपयोग क्षमतामा वृद्धि गर्दै देशको आवश्यकता र सरकारले निर्धारण गरेका प्राथमिकताका क्षेत्रमा यसलाई प्रवाहित गर्ने नीति अवलम्बन गरिनेछ । मुनाफामा चलेका र सामाजिक न्यायको लागि सरकारले जिम्मेवारी वहन गर्नु पर्ने हिसावले संचालनमा रहेका संस्थानहरु वाहेक सरकारलाई अनावश्यक आर्थिक बोझ पार्ने अन्य संस्थानहरु राष्ट्रिय हित अनुकूल हुने गरी निजी क्षेत्रमा हस्तान्तरण गरिनेछ । यस्ता संस्थानहरु निजी क्षेत्रमा हस्तान्तरण गर्दा स्वदेशी लगानीकर्ता, संस्थानका कर्मचारी तथा कामदारहरुको सहभागितालाई प्राथमिकता दिइनेछ । राष्ट्रिय उद्योगी व्यवसायीलाई विशेष प्रोत्साहत दिंदै सरकारले औद्योगिकरणको प्रक्रियालाई अगाडि बढाउन आवश्यक भूमिका निर्वाह गर्नेछ । निर्यात प्रवर्द्धनमा विशेष ध्यान दिई व्यापार तथा चालू खाता घाटा कम गर्दै लगिनेछ । प्रविधि हस्तान्तरण, रोजगारीको सिर्जना तथा उत्पादकत्व वृद्धिमा टेवा पुऱ्याई राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ गर्न सहयोग पुऱ्याउने खालका विदेशी लगानीलाई प्रोत्साहन दिइनेछ । यस्तो लगानीबाट आउने मुनाफा निर्वाधरुपमा विप्रेषण गर्न दिइनेछ । जनतालाई राहत दिने, महंगी नियन्त्रण गर्ने तथा रोजगारी सिर्जना गर्ने आधारशीला बनाउंदै लगिने छ । वातावरण सन्तुलन, प्रदूषण नियन्त्रण र खानेपानी तथा विद्युत आपूर्तिको समस्या समाधान गर्ने तर्फ तदारुकताका साथ कार्यक्रमहरु संचालन गरिनेछन् । पिछडिएका क्षेत्र तथा वर्गको उत्थानका लागि विशेष कार्यक्रमहरु संचालन गरिनेछन् ।

२५ अब म यी अवधारणाहरु वारे संक्षिप्तमा प्रकाश पार्न सदनको अनुमति चाहन्छु ।

२६ सर्वसाधारण जनताका आम उपभोगका वस्तुहरुको उत्पादन वृद्धि विना आपूर्ति व्यवस्थामा सुधार, मूल्य नियन्त्रण र जनताको निमित्त राहतको कल्पना गर्न सकिंदैन । वाह्य कारकबाट धेरै प्रभावित हुने आयातले आपूर्ति व्यवस्थालाई स्वतः निरन्तरता दिन सक्दैन । त्यसैले हामी राष्ट्रिय उत्पादन वृद्धि गरी आपूर्ति व्यवस्था सुदृढ गर्दै जनतालाई मूल्य वृद्धिबाट पर्ने प्रतिकूल असरबाट जोगाउन र राहत प्रदान गर्न चाहन्छौं । यसका लागि कृषि, उद्योग आदिका क्षेत्रमा डो नीतिहरु अवलम्बन गर्दै कृषि उत्पादनमा परेको प्रतिकूल असर क मगर्ने र राष्ट्रिय उद्योगको उत्पादन वृद्धि र विस्तारमा ध्यान केन्द्रीत गरिनेछ । कृषि र वनजन्य उद्योगको प्रवर्द्धन गरिनेछ । आपूर्ति व्यवस्थालाई बढी भरपर्दो र व्यवस्थि तगर्दै निश्चित वस्तु तथा सेवाको सुलभ आपूर्ति गरी न्यून आय भएका जनतालाई राहत दिइने छ । सामन्ती भू-स्वामित्व अन्त्य गर्न र भूमिको न्यायोचित वितरणका लागि भूमिसुधार आयोग गठन गरिनेछ । कृषि उपजको उचित बजार व्यवस्थापनको साथै अन्य उपभोग्य वस्तुहरुको सुलभ आपूर्तिको लागि हाल प्रायः निष्क्रिय अवस्थामा रहेका साझा तथा सहकारी संस्थालाई पुनर्जीवित गरी विस्तार गरिनेछ । आपूर्ति व्यवस्थाको सुदृढीकरणका साथै मूल्य स्थीरताको लागि नेपाल खाद्य संस्थान, नेपाल आयल निगम जस्ता संस्थानलाई सुदृढ र सक्षम तुल्याइनेछ । खाद्य भण्डारहरुको विस्तार गर्दै कृत्रिम अभाव सिर्जना गर्ने तथा आकस्मिक मूल्य वृद्धि गर्ने प्रक्रियालाई नियन्त्रण गर्न आवश्यक अन्य कदमहरुका अतिरिक्त आपूर्तिको माध्यमबाट बजारमा हस्तक्षेप गर्ने नीति लिइनेछ । आम उपभोक्तालाई व्यापारीको निगाहमा छाडिदिने हालको परिपाटीलाई निरुत्साहित गरिनेछ । स्वदेशमा उत्पादिन वस्तुमा अनिवार्यरुपले मूल्य टांस्नु पर्ने नीति अवलम्बन गरिनेछ । न्यून आय भएका जनतालाई राहत दिन दैनिक आवश्यकताका निश्चित वस्तु तथा सेवाको भाउ घटाइनेछ । बजार मूल्यको निरन्तर अनुगमन गर्ने परिपाटीलाई सुदृढ गरिनेछ । मुद्रा प्रदायबाट मूल्यमा पर्ने प्रतिकूल असरलाई रोक्न यसलाई वान्छिट सीमाभित्र राखिनेछ । साधारण जनताले उपभोग गर्ने दैनिक आवश्यकताका वस्तुमा लागिआएको उच्च करको दरलाई घटाई जनतालाई सहुलियत दिइनेछ ।

२७ मालपोत दरमा भएको ठूलो वृद्धिले गर्दा सीमान्त र साना किसानलाई परेको मर्कालाई ध्यानमा राखी मालपोत दरमा व्यापक कटौती गरिनेछ । सुख्खाग्रस्त क्षेत्रमा मालपोत पुरै मिनाहा गर्दै त्यस्ता क्षेत्रमा विशेष कार्यक्रमहरु संचालन गरिनेछन् ।

२८ बैंकिङ्ग क्षेत्रलाई दिइ आएको पूंजीगत तथा व्याज अनुदानबाट न्यून आय भएका वर्गले बढी फाइदा लिन सकुन भन्ने उद्देश्यले बैंकिङ्ग क्षेत्रलाई परिचालन गरिनेछ । यस्तो सुविधा विशेष रुपमा सुख्खाग्रस्त क्षेत्रमा पुऱ्याई ती क्षेत्रका कृषकहरुलाई राहत प्रदान गरिनेछ ।

**ख. सरकारी लगानीबाट संचालन हुने विकास कार्यक्रमको केन्द्र विन्दु गाउँलाई बनाउने**

२९ नेपालको जनसंख्याको ठूलो हिस्सा ग्रामीण क्षेत्रमै रहेको भए तापनि देशको हालसम्मको विकास नीति केनद्रमुखी रहदै आएको छ । यसले गर्दा ग्रामीण क्षेत्रको आथिक एवम् सामाजिक अवस्था नि प्रतिदिन जर्जर र दयनीय बन्दै गएको छ । रोजगारी र आयका सीमित अवसरहरु पनि शहरी क्षेत्रहरुमा केन्द्रित हुँदै गएकोले ग्रामीण क्षेत्र अवसर विहीन बन्दै गएको छ । यसले गर्दा एकातिर जनताको गाउँ छोडी शहर पस्ने प्रबृत्ति बढ्दै गई हरी क्षेत्रहरु अस्तव्यस्त बन्दै गएका छन् भने अर्कोतिर ग्रामीण क्षेत्रको विकासको सम्भावना क्षीण हुँदै गएको छ । ग्रामीण क्षेत्र झन झन गरीब र आकर्षण विहीन गएको

छ । त्यसैले श्री ५ को सरकारले गरीबी उन्मूलन र देश विकास अभियानको थालनीको थलो ग्रामीण क्षेत्रलाई बनाउनेछ । यसका लागि "आफ्नो गाउँ आफै बनाऔं" भन्ने ग्रीण विकास कार्यक्रम शुरु गरी यसलाई अभियानको रुपमा संचालन गरिनेछ । यस कार्यक्रमलाई विकेन्द्रीकरणको सिद्धान्त अनुरुप व्यवहारमा उतारिने छ । जनतालाई विकासमा समाहित गर्ने, जनतामा विकासप्रति जागरण ल्याउने तथा उनीहरुको जीवनस्तर माथि उठाउने उद्देश्यले शुरु गरिने यस कार्यक्रमलाई सफ पार्दै लैजान स्वदेशी तथा विदेशी गैर सरकारी संस्था तथा सबै राजनैतिक पार्टीहरुको सहयोग र राष्ट्रिय सहमति प्राप्त हुने छ भन्ने मैले विश्वास लिएकोछु ।

३० यस कार्यक्रको माध्यमबाट गाउँका जनतालाई नै स्थानीय समस्या पहिचान गर्ने, योजना तर्जुमा गर्ने, योजना कार्यान्वयन गर्ने तथा त्यसको संचालन गर्नेसम्मको काममा नेतृत्वदायी भूमिका खेल्न दिइनेछ । मार्फत सोझै गाउँ विकास समितिहरुलाई उपलब्ध गराउने छ । साथै त्यस्तो साधन उपयोग गर्नको निमित्त आवश्यक हुने प्राविधिक जनशक्ति तथा निर्माण सामग्री आपूर्ति गर्ने व्यवस्था पनि मिलाइने छ । त्यस्तो साधनको दुरुपयोग  हुन नपाओस भन्ने उद्देश्यले त्यस्ता कार्यक्रम संचालन र अनुगमन गर्न स्थानीय स्तरमा गाउँ विकास समितिका अध्यक्ष, उपाध्यष, राष्ट्रिय मान्या प्राप्त तथा स्थानीय निकायमा निर्वाचित राजनैतिक पार्टीका प्रतिनिधिहरु रहेका सर्वदलीय समितिहरु गठन गरिने छन् र ती समितिहरुको सहमतिमा कार्यक्रमहरु संचालन गर्ने व्यवस्था मिलाइने छ । यस्तो व्यवस्थाले साधनको चुहावट, अनियमितता, निष्कृयता आदिलाई निरुत्साहित गर्दै राष्ट्रिय सहमतिको आधारलाई समेत फराकिलो तुल्याउने छ । यस्ता कार्यक्रमको सदुपयोग सुनिश्चित नंजन लेखापरीक्षण (Public Audit) पद्धतिलाई पनि प्रोत्साहित गरिनेछ । साथै खर्चको विवरण अनिवार्य रुपमा स्थानीय विकास अधिकारीलाई बुझाउने र स्थानीय विकास अधिकारी मार्फत लेखापरीक्षण गराउने व्यवस्था गरिनेछ । ग्रामीण आय आर्जन र रोजगारी प्रवर्द्धन आदि हुने छन् । गाउँ विकास समितिलाई आय आर्जन र रोजगारी प्रबर्द्धन आदि हुने छन् ।  गाउँ विकास समितिर्ला किस्तावन्दीमा रकम उपलबध गराउने व्यवस्था गरिनेछ र दोश्रो तथा अन्तिम किस्ता पहिलो चरणको कामको मूल्याङ्कनको आधारमा मात्र उपलब्ध गराइनेछ ।

३१ जनशक्तिको प्रभावकारी परिचालन गर्ने र प्रभावकारी ढंगले आयोजना संचालन गर्ने गाउँ विकास समितिलाई राष्ट्रिय पुरस्कार दिने व्यवस्था समेत गरिनेछ । "आफ्नो गाउँ आफै बनाऔं" कार्यक्रमका अतिरिक्त नमूना गाउँ तथा साना शहर विकास कार्यक्रम संचालन गरी ग्रामीण विकासको अभियानलार्य गत्ति प्रदान गरिने छ । स्थानीय विकास निर्माण कार्यमा बढी व्यापकता ल्याउन र कार्यक्रमहरु प्रभावकारी ढंगले कार्यान्वयन गर्नको लागि स्थानीय निकाय तथा गैर सरकारी संस्थाको बीचमा समन्वय ल्याउने परिपाटीको समेत थालनी गरिनेछ ।

<u>ग. गरीवीको रेखामुनि रेहका जनताको पहिचान गर्ने, गरीबी निवारणको विशेष कार्यृक्रमहरु कार्यान्वयन गर्ने र त्यस्ता कार्यक्रममा आयमुलक रोजगारीका अवसरहरु सृजन गर्ने कार्यलार्य उच्च प्राथमिकता दिइने</u>

३२ बढ्दो गरीबी र बेरोजगारीको समस्या हाम्रो लागि सबभन्दा चुनौतीपूर्ण र गम्भीर चिन्ताको विषय बनेको छ । उच्च आथिक बृद्धिदर हासिल गरेर मात्र विकासको प्रतिफल तल्लो तहका वर्ग तथा क्षेत्रले पाउँछन् भन्ने पुरानो सोचाई एगलत सावित भएको छ । साथै सम्पूर्ण विकास कार्यको जिम्मा सरकारले लिने भन्ने एकोहोरो सोचाई पनि असफल सिद्ध भएको छ । श्रमशक्रिको बृद्धिदर उच्च रहेको र कृषिमा अन्त्याधिक जनशक्रि आश्रित नेपाल जस्तो सीमिति साधन भएको राष्ट्रमा जनतालाई नै विकास कार्यमा समाहित गर्दै गरीबी तथा बेरोजगारी निवारणका विशेष कार्यक्रमहरु संचालन गरिनु पर्दछ र त्यसो गरिएमा मात्र शोषित, उत्पीडित जनतालाई मुक्ति दिलाउन र आर्थिक सामाजिक रुपले समाजमा प्रतिष्ठित गर्न सकिन्छ भन्ने हाम्रो मान्यता रहेको छ । त्यसैल हामी सरकारी? निजी तथा सामुदायिक क्षेत्रलाई सक्रिय रुपमा संलग्न गराई गरीबी तथा बेरोजगारी निवारणका कार्यक्रमहरु समन्वयात्मक रुपमा कार्यान्वयन गर्नेछौ । यस क्रममा हामी अर्ध सामन्ती शोषण, उतपीडन र जमीनको असमान  वितरण समाप्त गर्दै अगाडी बढ्न चाहन्छौं । यसबाट कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि हुन गई आय र रोजागारीका अवसहरु व्यापक रुपमा बढ्ने छन् । यसले गर्दा कृषिमा आश्रित रहेको जनसंख्याको ठूलो हिस्साको क्रयशक्ति बढ्नेछ र औद्योगिक वस्तु तथा सेवाको माग बृद्धि भै उद्योग व्यवसाय समेत एकसाथ फष्टाउने छन् । यसको अतिरिक्र यस प्रक्रियाबाट जनतामा विकासप्रति जाँगर पलाउने छ र राष्ट्र विकासको अभिभारा हाम्रो हो भन्ने नयाँ जागरण आउनेछ । प्रत्येक नेपालीलाई आफ्नो व्यक्तित्व विकासको अनुकूल अवसर उपलब्ध हुनेछ । समाजमा विद्यमान शोषण, भेदभाव र अन्याय समाप्त भई समतामूलक समाजको निर्माणमा मद्दत पुग्नेछ । यसैले यस कार्यको अविलम्ब थालनीका साथै गरीबी निवारणको विशेष कार्यक्रमहरु पनि अभियानको रुपमा कार्यान्वयन गरिनेछ । यसका लागि गरीबीको रेखामुनी रहेका जनताको पहिचान गर्ने र गरीबी निवारणको विशेष कार्यक्रमहरु समन्वयात्मक रुपमा अगाडि बढाइनेछन् ।

३३ सीमान्त कृषकको बाहुल्यता भएको र जनसंख्या बृद्धिदर उच्च रहेको कारण सुकुम्वासी समस्या बिकराल बन्दै गएकोले यसको समाधानको लागि एक उच्च स्तरीय सुकुम्वासी आयोगकोगठन भैसकेको छ र यसले सुकुम्वासीको बसोबासको विशेष कार्यक्रम समेत संचालन गर्नेछ । यसबाट गरीबी निवारणमा समेत ठूलो मद्दत मिल्ने विश्वास मैले लिएकोछु । मध्य–पश्चिम र सुदूर पश्चिमाञ्चलमा मध्ययुगीन शोषणको अवशेषको रुपमा रहेको कमैया प्रथाको उन्मूलन गरी कमैयाहरुको बसोबास र जीवनयापनको व्यवस्था गर्ने प्रबन्ध मिलाइने छ । प्रजा, धिमाल, राउटे, मुसहर, झाँगर, डोम, दुसाद, सत्तार जस्ता जनजातीमा जीवनयापन र गरीबीको विकराल समस्या रहेकोले यी जातीका लागि विशेष कार्यक्रम संचालन गरिनेछन् । शिक्षा, स्वास्थ्य, खानेपानी तथा अन्य सेवाका क्षेत्रमा गरीब र न्यून आय भएका वर्गको पहुँच बढाउने ढंगले यी

कार्यक्रम संचालन गरिने छन् ।

३४ हाम्रो प्रतिवद्धता अनुरुप आगामी आर्थिक बर्षसम्ममा माध्यमिक शिक्षा निशुल्क गरिनेछ । समाजका उपेक्षित महिला बर्गको हक हितको रक्षा गर्न र उनीहरुलाई आर्थिक रुपले आत्मनिर्भर बनाउन महिला विकास विशेष कार्यक्रमहरु ब्यापक रुपमा संचालन गरिनेछन् । पिछडिएका जाती तथा महिलाहरुलाई थप छात्रबृत्तिको व्यवस्था गरिनेछ । त्यस्तै लक्षित समूह तथा वर्गको निमित्त गरीबी निवारणका विशेष कार्यक्रमहरु समेत संचालन गरिनेछन् ।

**सभामुख महोदय,**

३५ राजगारीका व्यापक अवसरहरुको श्रृजना विना गरीबी निवारण सम्भव छैन भनने तथ्य स्पष्ट छ । तर कृषिमा रहेको विद्यमान उत्पादन सम्बन्ध, बढ्दो शहरीकरण,सीपमूलक तालीमको अभवा, विकास सम्बन्धी अवधारणामा अन्यौल र सरकारको उदासीन भूमिकाले गर्दा गाउँ–शहर दुबै क्षेत्रमा बेरोजगारी जटिल बन्दै गएको छ । हाल आएर शिक्षित बेरोजगारी थप चुनौतीको रुपमा हाम्रो सामु उपस्थित भएको छ । यसले गर्दा पनि बेरोजगार जनशक्तिको ठूलो हिस्सा विदेशिने, सुकुम्बासी बन्ने, विदेशमा चौकीदार मजदुर बन्न जाने, शहर र गाउँ घरमा भौतारिन जस्ता कार्यमा अल्मलिएको छ । ने.क.पा.(एमाले) को सरकार व्याप्त बेरोजगारी प्रति अत्यन्त संवेदनशील छ र त्यसको समाधानमा कृत संकल्पित छ । त्यसैले रोजगारीका अवसरहरु ब्यापकरुपमा श्रृजना गर्दै लग्ने साक्षरता अभियान, लघु र साना सिचाई निर्माण, सडक र पुल तथा कल्भर्ट निर्माण, साझा सहकारिता कार्यक्रम, निम्न तहको प्राविधिक तालिम, ग्रामीण तथा शहरी बैकिङ्ग र कर्जा, शहीदका छोरा छोरी, असक्षम तथा जेहनदार बालबालिकाका लागि शिक्षा, बृक्षारोपण र बन संरक्षण, महिला सीप विकास, हाट बजार विकास, अनिवार्य बाल शिक्षा कार्यक्रम, घरेलु र साना उद्योग किवास जस्ता कार्यक्रमहरु संचालन गरिनेछन् । यी सम्पूर्ण कार्यक्रमहरु संगठित र समन्वयात्मक रुपमा कार्यान्वयन गरिनेछन् ।

३६ देशको बढदो श्रमशक्तिलाई रोजगारीको अवसर प्रदान गर्न सरकारी क्षेत्रबाट संचालन हुने विकास निर्माणमा स्वदेशी श्रमशक्तिलाई प्रोत्साहित गर्ने नीति लिइनेछ । विद्यमान श्रम कार्यालयहरुलाई रोजगारी सूचना तथा प्रशिक्षण केन्द्रको रुपमा परिणत गरी आवश्यकतानुसार विभिन्न जिल्लामा यस्ता केन्द्रहरु स्थापना गर्दै जाने र उक्त केन्द्रहरुबाट निरन्तर रुपमा श्रमशक्तिको बेरोजगारी स्थितिको मूल्याङ्कन गरी बेरोजगारहरुलाई सीपमूलक तालीम प्रदान गरी बैकल्पिक रोजगारीका अवसरहरु उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । यसबाट स्वरोजगारीलाई प्रोत्साहन गर्न समेत सहयोग मिल्नेछ । विदेशमा के कस्तो श्रमशक्तिको माग बढ्दै गएको छ त्यसको अध्ययन गर्ने र सोको आधारमा बेरोजगार युवाहरुलाई अल्पकालीन प्राविधिक तालीम दिई सरकारको पहल कदमीमा विदेशमा रोजगारी उपलब्ध गराउने नीति लागु गरिनेछ । त्यसको लागि काठमाडौमा अविलम्ब अल्पकालीन सीपमूलक तालमी संचालन गर्ने व्यवस्था मिलाइनेछ । पश्चिम र मध्य–पश्चिमाञ्चल किवास ेत्रमा ग्रामीण बैकहरु खोलिने छन् । ती बैक र अन्य बैकहरुबाट समेत लक्षित समूहमा संचालित कर्जा कार्यक्रमलाई अझ व्यापक र प्रभावकारी बनाई विपन्न तथा उपेषित गर्ने उद्देश्यले एक रोजगार बैकको स्थापना गरी आय र रोजगारी श्रृजनाका विशेष कार्यक्रमहरु संचालन गरिनेछन् । यसबाट शैक्षिक बेरोजगार युवाहरुलाई विशेष फाइदा पुग्नेछ । नगर क्षेत्रको व्यवस्थित विकासमा सहयोग पुऱ्याउने उद्देश्यले शहरी विकास बैक खोल्ने व्यवस्था मिलाइनेछ । हाल कार्यरत सहकारी संस्थााहरुलाई बढी सक्रिय बनाउनुका साथै अनौपचारीक रुपमा खुलेका बचत तथा ऋण सम्बन्धी विधेयक यसै सदनमा ल्याइने छ । आय तथा रोजगारी बृद्धि गर्ने घरेलु तथा साना उद्योगको विकास सहायक हुने किसिमका विकास बैकहरुको स्थापना गर्न संसदको यसै सत्रमा एक बेग्लै विधेयक ल्याइने छ । यसबाट वित्तीय क्षेत्रको विस्तार भई उत्पादनशील रोजगारीका अवसरहरु सिर्जना गर्नमा थप टेवा मिल्नेछ ।

**घ. सार्वजनिक साधनको अधिकतम सदुपयोग गर्ने, तथा योजना कार्यानवयनमा हुने गरेको ढिलाई, अनियमितता र गुणस्तरहीनतालाई अन्त्य गर्ने**

३७ हाम्रो देशमा राज्य संचालन र विकास कार्यक्रमको निमित्त आवश्यक पर्ने साधन आन्तरिक एवं वाह्य दुबै स्रोतबाट परिचालन गर्दै जाने परिपाटी बस्दै आएको छ । तर यसरी परिचालन गरिएको साधन अधिकतम मात्रामा प्रतिपफल दिने गरी क्षेत्रगत विनियोजन गर्दै साधनको सही ढंगले सदुपयोग गर्नेतर्फ भने आवशयक ध्यान दिनु गरिएको छैन । यसले गर्दा हालसम्म देशका विभिन्न क्षेत्रमा गरिएको लगानीबाट खासै उपलब्धि हासिल हुन सकिरहेको छैन । प्राविधिक दृष्टिले त्रुटिपूर्ण र न्यून प्रतिफल दिने आयोजना संचालन गरिनु, योजना सम्पन्न गर्न लामो समय लाग्नु, कार्यान्वयनको क्रममा लागत बढाउँदै लगिनु, सम्पनन भइसकेका आयोजनाहरु धैरै समय नटिक्नु आदि साधन उपयोगमा देखा परेका केही मुख्य समस्याहरु हुन् । उल्लेखित समस्याहरुले गर्दा हालसमम भएको लगानीबाट जनता लाभान्वित हुन सकेका छैनन् । विकास आयोजना र कार्यक्रमहरुमा सार्वजनिक साधनको दुरुपयोग हुने वर्तमान परिपाटीलाई समाप्त गरी हामी विकासको निमित्त उपलब्ध साधनको पूर्ण रुपमा सदुपयोग हुने परम्परा बसाल्न चाहन्छौ ।

३८ विकास आयोजना सम्पन हुन बढी समय लाग्नु वा बीचमै स्थगित गर्नुपर्ने स्थिति समेत आउनु नेपालको विकास प्रशासनको अर्को कमजोरी हो । यसले गर्दा एकातिर आयोजनाको सम्पन्न भईसकेको हिस्साको क्षय हुँदै जाने र अर्कोतिर आयोजनाको लागत बढ्दै गई कूल लागत नै शुरु अनुमान भन्दा निकै बढी हुने गरेको छ । स्थगित आयोजनाहरुमा ठूलो मात्रामा साधन खेर जाने गरेको छ । आयोजनाको कार्यान्वयनमा हुने गरेको यस ढिलाईको कारणले दातृ राष्ट्र तथा संस्थाहरुबाट प्राप्त हुने सहयोगको समेत उपयोग हुन सकिरहेको छैन । श्री ५ को सरकार विकास प्रशासनको यस गलत प्रबृत्तिलाई पूर्ण रुपमा नियन्त्रण गर्न चाहन्छ । त्यस्तै विकास आयोजनाहरुको गुणस्तर न्यून भएबाट सम्पन्न भएको लगत्तै देखि मर्मत कार्य शुरु गर्नुपर्ने स्थिति आउनु तथा सम्पन्न आयोजनाहरु धेरै समयसम्म नटिकनु हाम्रो विकास प्रशासनको अर्को कमजोरी रही आएको छ । श्री ५ को सरकार विकास आयोजनाहरुको कार्यान्वयन चरणमा देखा परेका यस्ता कमजोरीहरुलाई हटाउन चाहन्छ । विकासको नाममा देशमा भईरहेको साधन स्रोतको गलत प्रयोग र भ्रष्टाचारलाई श्री ५ को सरकार तत्काल र प्रभावकारी रुपमा नियन्त्रण गर्न चाहन्छ । यो उद्देश्य प्राप्त गर्नको लागि सरकारले आयोजना छनौट र त्यसको लागत अनुमानको विशेष छानविन गर्ने, कार्यान्वयनको निरन्तर रेखदेख, निगरानी तथा मूल्याङ्कन गर्ने र कार्यान्वयनको प्रारम्भिक चरण देखि नै जन लेखापरीक्षण (Public Auditing) गर्ने जस्ता परिपाटीहरुको प्रभावकारी व्यवस्था गर्नेछ । यसमा संलग्न व्यक्तिहरुले राम्रो काम गरेको प्रमाणित भएमा उचित पुरस्कार र गलत काम गरेको पाइएमा उचित दण्ड दिने परिपाटी समेत बसालिनेछ । सम्पन्न आयोजनाहरुको गुणस्तर परिक्षण गर्ने एक जिम्मेवार निकायको समेत व्यवस्था गरिनेछ । प्रमुख आयोजनाहरुको वित्तीय तथा गुणस्तरीय लेखापरीक्षणको प्रतिवेदनलाई सार्वजनिक गराउने परिपाटीको थालनी गरिनेछ । यसै गरी विदेशी सहायता अन्तर्गत गरिने ठेक्का पट्टाबाट आउने कमिशनलार्य सरकारी ढुकुटीमा जम्मा गरी सो रकम विकास निर्माण कार्यमा प्रयोग गरिनेछ । यसको लागि कमिशन कानूनको समेत व्यवस्था गरिनेछ ।

३९ विकास आयोजना र कार्यक्रमहरुलाई चाँडो सम्पन्न गर्ने, गुणस्तरमा अभिबृद्धि गर्ने र साधनको पूर्ण सदुपयोग गरी छिटो प्रतिफल लिनेर जनतालाई प्रत्यक्ष लाभ पु¥याउने नीति अपनाइने छ । यस क्रममा विदेशी सहायताको उपयोग क्षमता बढाउने र यसलाई राष्ट्रिय हित अनुकूल प्राथमिकता क्षेत्रमा केन्द्रीत गर्ने कार्यक्रमहरु संचालन गरिने छन् । यी सबै कार्यका लागि राष्ट्रिय योजना आयोगलाई विशेष सक्रिय र प्रभावकारी तुल्याइनेछ ।

**ङ. राष्ट्रिय उद्योग व्यवसायको विकास तथा सम्बर्द्धन मार्फत औद्योगिकरणको प्रक्रियालाई तीव्र पार्ने :**

४० देशमा विद्यमान बेरोजगारी तथा अर्ध बेरोजगारीको समस्या समाधान गर्न र प्रति बर्ष थपिदै गएको श्रम शक्तिलाई आयमूलक रोजगारी उपलब्ध गराउन देशमा औद्योगिक विकासको प्रक्रिया तीब्र पार्नु अनिवाई छ ।साथै देशमा विस्तारित हुँदै गएको औद्योगिक बस्तुको माग देश भित्रैबाट पूर्ति गर्न र देशमा उपलब्ध कच्चा एवं सहायक कच्चा पदार्थको उपयोगको निमित्त पनि देशमा औद्यागीकरण अत्यावश्यक छ । औद्योगिकरणका यी प्रष्ट आधारहरु मौजुद छदाछदै पनि नेपालमा औद्योगिक विकासको निमित्त गम्भिर र इमान्दार किसिमले प्रयास हुन सकेको छैन । औद्योगिकरणको मार्ग कठिन र समय लिने भएकोले त्यसका लागि एउटा निश्चित दृष्टिकोण र प्रतिवद्वताको समेत आवश्यकता पर्दछ । तर विगतमा सम्पूर्णतः आयातित कच्चा पदार्थमा आधारित भई मूल्य अभिबृद्धिमा नगण्य योगदान पु¥याउने र तत्काल लाभ दिने जडान र तस्करीमा आधारित उद्योगहरुलाई मात्र प्रश्रय दिइयो । आयातित माललाई सस्तो तुल्याउने दृष्टिले भन्सार प्रणालीको संरचना गरियो । यसरी निजी जोखिममा धेरै अघि स्थापना भएका आम उपभोगका वस्तु उत्पादन गर्ने उद्योगहरुलाई वाह्य उत्पादनसँग प्रतिस्पर्धा गर्न विवश तुल्याइयो । यसबाट आयात प्रतिस्थापन गर्ने तथा देशलाई आत्मनिर्भर बनाउन मद्दत गर्ने खालका साना ठूला उदोगहरु समाप्त हुँदै जाने स्थिति बन्यो । राष्ट्रिय उदोगहरुको सम्बर्द्धन गर्ने दिशामा कुनै ध्यान दिइएन । आन्तरिक आपूर्ति व्यवस्थालाई पूर्ण रुपमा आयातमा निर्भर गराइयो । देशमा विद्यमान औद्योगीकरणको सम्भावनालाई समेत क्रमिक रुपमा निरुत्साहित गर्दै लगियो । यसले गर्दा देशमा बेरोजगारी,गरीबी, आपूर्ति व्यवस्थामा व्यवधान, कृत्रिम अभवा, महङ्गी जस्ता गम्भीर समस्याहरुको पहाड चुलिदै गयो । श्री ५ को सरकार देशको औदोगिक क्षेत्रको यो दुगवास्थाको अन्त्य गरी औद्योगीकरणको नयाँ लहर सृजना गर्न चाहन्छ । यसको आधारभूत रोजगारीमूलक र स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरुलाई आवश्यकता र राष्ट्रिय हित अनुरुप उचित संरक्षण दिन पनि सरकार पछि पर्ने छैन । यस्तो संरक्षण प्रदान गर्दा स्वस्थ्य आन्तरिक प्रतिस्पर्धा गराउने नीति लिइनेछ । अति संरक्षणबाट औद्योगीकरणमा सहयोग पुग्नुको सट्टा सानो तप्काले मात्र फाइदा उठाउने स्थिति रहने हुनाले उद्योगहरुलाई निश्चित अवधिसम्म मात्र संरक्षण प्रदान गरी त्यस्ता उद्योगहरुलाई प्रतिस्पर्धात्मक बनाउँदै लग्ने नीति अवलम्बन गरिनेछ ।

४१ रुग्ण उद्योगको समस्याहरुको पहिचान गरी त्यस्ता उद्योगलाई पुनरोत्थान गर्न समुचित ध्यान पु¥याइने छ । देशको आवश्यकता तथा सामाजिक न्याय समेतलाई दृष्टिगत गरी सरकार आफै वा संयुक्त लगानीमा समेत उद्योग खोल्ने नीति लिनेछ । रोजगारी, आयबृद्धि, प्रविधिको विकास र विस्तार तथा देशका उद्योग धन्दाको विकासमा थप मद्दत पु¥याउने क्षेत्रमा विदेशी लगानीलाई आकर्षित गरी औद्योगीकरणको प्रक्रियालाई तीव्र पारिनेछ ।

**च. बैदेशिक व्यापारको क्षेत्रमा रहेको असन्तुलन र विसंगतिहरु हटाउन ठोस् र प्रभावकारी कदम चाल्ने**

४२ नेपालको बिदेश ब्यापारको क्षेत्रमा अनगिन्ती असन्तुलन र विसंगतीहरु विद्यमान छन् । देशको कूल निर्यातले आयातको एक तिहाई जति हिस्सा मात्र पूर्ति गरी रहेको तथ्यले व्यापार असन्तुलनको भयावह स्थितिलाई प्रमाणित गर्छ । देशमा उत्पादन नहुने तर विकासको निमित्त नभई नहुने पूँजीगत सामान, पेट्रोलियम पदार्थ, रसायनिक मल, औद्योगिक मेशिनरी, कच्चा

पदार्थ आदिको आयात विकासको निमित्त सहयोगी हुने हुनाले यस्ता सामानको आयातलाई प्रोत्साहित गर्नु वान्छनीय हुन्छ । तर नेपालको विद्यमान व्यापार नीतिले देश भित्रै उत्पादन भैरहेको र उत्पादन विस्तार गर्ने प्रचुर सम्भावना रहेको उपभोग्य वस्तुहरुको उत्पादनलाई उपेक्षा गरी परनिर्भरतालाई बढावा दिएको छ। देशलाई आवश्यक नहुने र विलसिताका सामानहरुलाई समेत निर्बाधरुपमा आयात गर्न छुट दिने नीतिले प्रोत्साहन पाएको छ ।

४३ निर्यात प्रवर्द्धनतर्फ कुनै गम्भीर र प्रभावकारी कदम चाल्ने प्रयास हुन सकिरहेको छैन । ऊनी गलैचा र तयारी पोशाक बाहेक तेश्रो मुलुकतर्फ निकासी हुने अन्य कुनै प्रमुख वस्तु छैन र हाल आएर ती वस्तुको उत्पादन र निर्यातमा थुप्रै समस्याहरु खडा भई निर्यात व्यापारनै संकटको अवस्थमा पुगेको छ । त्यसैले देशको विदेश व्यापारको क्षेत्रमा रहेको यो संकटप्रति सरकार अत्यन्त संवेदनशील छ र यसको निराकरणको लागि कृत्त संकल्पित छ । यो स्थितिमा सुधार ल्याउन सरकारले वस्तुगत तथा देशगत रुपमा निर्यातलाई विविधीकरण गर्ने ठोस् र प्रभावकारी कदमहरु चाल्नेछ । निर्यात नीतिमा व्यापक सुधार गर्नेतर्फ अलिवम्ब पाइलाहरु चालिनेछन् । निर्यातमा लागि आएको सेवा शुल्क क्रमशः कम गर्दै लगिनेछ । भारततर्फ हुने निर्यात बृद्धि गर्न विशेष पहलकदमी लिइनेछ । तयसको साथै निर्यात प्रवर्द्धनको लागि एक कोष्को व्यवस्था गरिनेछ । आयात प्रतिस्थापक उदोगलाई बढावा दिई आयात कम गर्दै लगिनेछ र भन्सारका दरहरुमा परिवर्तन र सुधार गरी अनावश्यक तथा विलासिताका सामानको आयातलाई निरुत्साहित गरिनेछ ।

<u>छ. राजश्व चुहावट नियन्त्रण गर्ने, प्रक्रियागत जटिलता हटाउने तथा करको संरचनामा सुधार तथा परिवर्तन गर्ने</u>

४४ सरकारको क्रियाकलपा तथा विकास कार्यक्रममा विस्तार, मूल्य बृद्धि, विनिमय दरमा गरिएको परिवर्तन आदि कारणले सरकारी खर्चको बृद्धिदर तीब्रतर हुँदैछ । तर आन्तरिक राजश्व परिचालन र त्यसमा पनि कर राजश्व परिचालनको बृद्धिदर खर्चको बृद्धिदर भन्दा निकै पद्धि रहेको छ । यसले गर्दा विकासको निमित्त राजश्व बचतको योगदान कम हुँदै गै आन्तरिक तथा वाह्य ऋृण माथिको निर्भरता पनि बढदै गएको छ । यस्तो स्थितिमा हामीसँग आन्तरिक राजश्व परिचालनमा जोड दिनु बाहेक अर्को विकल्प छैन । यसो हुँदाहुँदै पनि अहिलेसम्म नेपालको कुल कर राजश्व क्षमता कति हो भन्ने बारे आधिकारिक अनुमान हुन सकेको छैन । तर पनि कर राजश्व र राष्ट्रिय उत्पादनको अनुपातलाई विचार गर्दा कर संकलन क्षमताको तुलनामा नगण्य भएको तथ्य प्रष्ट हुन्छ । राजश्व संकलनमा जति कम ध्यान पुग्ने गरेको छ त्यतिनै राजश्व संकलनसँग सम्बन्धित कानून, नियम, प्रक्रिया र प्रशासनमा रहेका कमी कमजोरीहरुले गर्दा राजश्वको ठूलो रकम चुहावट भैरहेको छ । करका कानूनी तथा प्रकृयागत झण्झटबाट करदाताले कर तिर्ने नपाइरहेको तथ्य पनि हामीबाट छिपेको छैन । यी समस्याहरु विशेष गरी प्रत्यक्ष करको क्षेत्रमा बढी पाइएका छन् । यसले गर्दा पनि अप्रत्यक्ष कर माथि हाम्रो निर्भरता ज्यादै बढी रहेको छ र यसको बढी असर निम्न आय भएका वर्गमा परिरहेको छ। यो सरकार नेपालको राजशवको यस्तो संरचना र प्रशासन प्रक्रियामा परिवर्तन गरी जनताको कर क्षमता अनुरुप राजश्व परिचालन गर्न प्रतिवद्ध छ । यसका लागि कर सम्बन्धि कानून, नियम र प्रशासनिक प्रक्रियाहरुको पुनरावलोकन गरी कर प्रणालीको नयाँ ढाँचा स्थापित गर्न दरो कदम चालिनेछ । राजश्व संकलनको प्रक्रियामा हुने अनियमिततालाई समाप्त गर्न निर्भिक कदमहरु चालिनेछ । साथै पुराना बक्यौता करहरु फछर्यौट गर्न कर फछर्यौट आयोगको गठन गरिनेछ ।

**सभामुख महोदय,**

४५ नेपाल कम्युष्टि पार्टी (एकिकृत मार्क्सवादी–लेनिनवादी) ले आफ्नो घोषणा पत्रमा जाहेर गरेका प्रतिवद्धताहरु र तीसँग आवद्ध नीति तथा कार्यक्रमलाई चालु आर्थिक बर्षको विनियोजन बजेट मार्फत लागु गर्न धेरै अप्ठयारो परेको तथ्य बारे मैले माथि नै उल्लेख गरिसकेको छु । एकातिर विनियोजन अध्यादेश अनुसार छुट्याइएको रकममध्ये लगभग ६ महिनाको रकम खर्च भैसकेको छ भने अर्कोतर्फ निर्वाचन कार्यको लागि विनियोजित रु.३२ करोडमा बृद्धि भई रु.६३ करोड खर्च हुन गएको अनुमान छ । यसले गर्दा साधारणतर्फको खर्चमा अत्यधिक चाप पर्न गएको छ । त्यस्तै चालु विकास कार्यक्रमहरुको लागि छुट्याइएको रकमहरु समेत नपुग भई मागहरु थपिन गएबाट विकास खर्चमा बृद्धि गर्नु पर्ने स्थिति छ । विगतमा संचालित अनगिन्ती कार्यक्रम तथा आयोजनाहरु अनुत्पादक हुँदाहुँदै पनि समयाभावले गर्दा बजेट सम्बन्धी सम्पूर्ण पक्षको पुनरावलोकन गर्न नसकिएबाट चालु बजेट व्यवस्थालाई धेरै हदसम्म यथावत राख्नु परेको छ। विकासका नयाँ अवधारणाहरु अनुरुप केही थप कार्यक्रमहरु बजेटमा समावेश गरी चालु बर्षको बाँकी अवधिको लागि बजेट विनियोजन गर्ने सिद्धान्त मैले अवलम्बन गरेको छु ।

४६ आगामी आर्थिक बर्ष २०५२।५३ को बजेट तर्जुमा गर्दा विद्यमान बजेट प्रणाली, बजेट विनियोजन पद्दती र खर्च गर्ने तौर तरिका आदिमा ब्यापक पुनरावलोकन गरी बजेट विनियोजनका ठोस तथा प्रभावकारी आधारहरु अवलम्बन गरिने छन् । बजेट खर्च गर्ने पद्दतिमा अविलम्ब सुधारका कदमहरु चाल्न अनिवार्य भएको मैले महसूस गरेको छु र त्यसको लागि नयाँ तौर तरीका अपनाई मित्तव्ययिताका साथ खर्च गर्ने परिपाटी तुरुन्तै थालिने कुरा म माननीय सांसदहरुलाई अवगत गराउन चाहन्छु । यस क्रममा साधारण र विकास खर्चमा हुने चुहावटलाई नियन्त्रण गरी मितव्ययिताका साथ खर्च गर्नेतर्फ पूरा ध्यान दिइनेछ । विद्यमान बजेट प्रणाली बैज्ञानिकता, पारदर्शीता तथा जवाफदेहीपनको हिसाबले उपयुक्त नभएकोले खर्चको आकार बढ्दै गए पनि त्यसले अर्थतन्त्रको समग्र विकास र जनतालाई प्रत्यक्ष लाभ दिन सकिरहेको छैन । यसैले यसमा सुधार गरी बजेट प्रणालीमा बढी बैज्ञानिकता ल्याइने छ । श्री ५ को सरकार विकास आयोजना तथा कार्यक्रमहरुको

कार्यान्वयन र अनुगमन समेतमा जनताको सहभागिता हुनु पर्दछ भन्ने धारणा राख्दछ । त्यसैले विकास निर्माण कार्यक्रको विनियोजित रकम समेत सार्वजनिक गराई कामको मूल्याङ्कन जनताबाट हुने परिपाटीको थालनी गरिनेछ । आर्थिक तथा प्रशासनिक अनुशासनलाई सुदृढ गरी राष्ट्रिय स्रोतको समुचित प्रयोग गर्नेतर्फ हुने प्रयासहरुमा सबै क्षेत्रबाट पूर्ण सहयोग पाउने आशा लिएको छु ।

**सभामुख महोदय,**

४७ अब म चालु आर्थिक बर्षमा विनियोजन अध्यादेशबाट भएको खर्च सहित बाँकी अवधिको लागि रु.४२ अबर ६९ करोड ६ लाख ११ हजारको व्यय अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु । कूल व्यय अनुमानमध्ये साधारणतर्फ रु.१९ अरब ७८ करोड ९८ लाख २२ हजार विकासतर्फ रु.२२ अरब ९० करोड ७ लाख ८९ हजारको व्यय अनुमान गरेको छु । आर्थिक बर्ष २०५०।५१ को संशोधित अनुमानको तुलनामा २०५१।५२ को कूल बजेट अनुमानमध्ये साधारणतर्फ ५७.६ प्रतिशत र विकासतर्फ ६.६ प्रतिशतले बृद्धि भएको छ । साधारणतर्फको बृद्धिमा मध्यावधि निर्वाचनको लागि अध्यादेशद्धारा विनियोजित सीमाभन्दा बढी खर्च हुन गएको, बैदेशिक सेवामा बृद्धि भैसकेको भत्ता रकम र विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमणमा भैसकेको खर्चको थप व्ययभार प्रमुख छन् भने शिक्षातर्फ लगानी बढाउने सरकारको नीति अनुरुप पनि साधारणतर्फ थप व्ययभार भएको छ । प्रस्तावित कर्मचारी सुविधाले गर्दा साधारण खर्च अनुमानमा बृद्धि हुन गएको छ । आर्थिक बर्ष २०५०।५१ सम्म विकासतर्फ विनियोजन गरिने कतिपय रकम चालु आर्थिक बर्ष २०५१।५२ को विनियोजन अध्यादेश मार्फत साधारणतर्फ सारिएकोले पनि विकास खर्चको विनियोजन शीर्षकमा रकम घट्न गएको र साधारण खर्च अनुमानमा बृद्धि भएको जानकारी यो सदनलाई गराउन चाहन्छु । गत आर्थिकब बर्षसम्म किवास बजेटतर्फ देखाइएको व्यय अनुमान रु.३ अरब ५२ करोड खर्च विनियोजन अध्यादेश मार्फत साधारणतर्फ लगिएको छ ।

४८ साधारणतर्फ कूल बजेट विनियोजन गर्दा वर्तमान मन्त्रिपरिषदमा उप–प्रधानमन्त्रीको व्यवस्था भए अनुरुप उप–प्रधानमन्त्रीको छुट्टै कार्यालय गठन गरी उक्त कार्य संचालनका लागि बजेटको व्यवस्था गरेको छु । साधारणतर्फको कूल बजेट विनियोजनमध्ये सबभन्दा बढी अंश क्रमशः साँवा र ब्याज भुक्तानी (३१.७ प्रतिशत), सामाजिक सेवा (२३.० प्रतिशत), साधारण प्रशासन (१०.८ प्रतिशत) र रक्षा (९.८ प्रतिशत)को रहेको छ । खर्चका उपशीर्षकहरुको आधारमा तलब भत्तामा २४.५ प्रतिशत र अनुदानमा १८.४ प्रतिशत विनियोजन गरिएको छ ।

४९ कूल व्यय अनुमानमध्ये प्रशासन सुधारको निमित्त रु.७ करोड ७ लाख छुट्याइएको छु । यसबाट विशेष गरी राजश्व प्रशासन सुदृढीकरण सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

५० आर्थिक प्रशासन र योजनातर्फ रु.१५ करोड २५ लाख छुट्याएको छु । यसबाट योजनाको मूल्याङ्कन र अनुगमन व्यवस्थालाई सुदृढ गर्ने, आर्थिक प्रशासनमा समय सापेक्ष सुधार ल्याउने, कृषि विज्ञान र प्रविधि विश्वविधलय तथा कृषि तथा बनजन्य उद्योगहरुको संभाव्यता अध्ययन गराइनेछ । विभिन्न क्षेत्रमा भएका आयोजना एवं नीति सम्बन्धी अध्ययनहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता अध्ययनहरुको निष्कर्षलाई लागु गर्दै जाने, विदेशी अनुदान र ऋण सहयोगको उपादेयता, प्रभावकारिता, ऋण र साँवा ब्याजको बढ्दो दायित्व र त्यसबाट नेपालको अर्थतन्त्रमा पर्ने दीर्घकालीन असर बारे अध्ययन विशलेषण गर्दै जाने कार्यका लागि छुट्टै अनुगमन इकाइको व्यवस्था गरिनेछ । स्वदेशी एवं अर्न्तराष्ट्रिय गैरसरकारी संस्थाहरुले संचालन गर्ने कार्यक्रमको प्रभावकारी समन्वयको साथै बैदेशिक एवं स्थानीय स्रोतको एकिकृत अभिलेख प्रणालीको विकास गर्न पनि निकै जरुरी भइसकेको छ । यसैले यस्तो अभिलेखको आधारमा स्रोत परिचालनको अनुगमन र मूल्याङ्कन गर्ने परिपाटीको थालनी चालु आर्थिक बर्ष देखि नै गरिनेछ । तथ्याङ्कलाई राष्ट्रिय नीति निर्माण तथा योजना तर्जुमामा सघाउ पुग्ने गरी यथार्थ र भरपर्दो बनाउन चालू आर्थिक बर्ष देखिनै कार्यहरु प्रारम्भ गरिने छन् । गरीबीको रेखामुनी रहेका जनताको पहिचान गर्ने कार्यलाई समेत प्राथमिकता दिइने छ । यसका लागि छुट्टै रकम विनियोजन गरेकोछु ।

५१ शिक्षा तथा समाज कल्याण्को लागि रु.५ अरब ५३ करोड विनियोजन गरेको छु । प्राथमिकता शिक्षातर्फ करीब १८ हजार प्राथमिक विद्यालयका शिक्षकहरुको तलब भत्ता र संचालन खर्चको लागि रु.१ अरब ९६ करोड ४१ लाख बजेट व्यवस्था गरेको छु । माध्यमिक शिक्षातर्फ यसै आउँदो शैक्षिक सत्र देखि नै कक्षा ९ सम्म निःशुल्क गरिने छ । उच्च शिक्षातर्फ विश्वविद्यालय अनुदान आयोगको लागि रु.६३ करोड ८९ लाख विनियोजन गरिएको छ। निजी क्षेत्रको स्रोतबाट संचालन भएका ६०३ वटा माध्यमिक विद्यालयहरुको १२०६ जना शिक्षकहरुको थप दायित्व समेत व्यहोर्नका लागि माध्यमिक शिक्षातर्फ रु.८१ करोड ५७ लाख विनियोजन गरेको छु । प्राथमिक शिक्षालाई अनिवार्य गर्नेतर्फ प्रारम्भिक कार्यहरुको थालनी गरिनेछ । साथै मातृभाषामा प्राथमिक शिक्षा उपलब्ध गराउन पाठयक्रम तर्जुमा र पाठय पुस्तक लेखन कार्यहरु प्रारम्भ गरिनेछन् । व्यवसायिक शिक्षाको गुणस्तर बृद्धि र विस्तारमा सरकारको प्राथमिकता रहने छ । तदनुरुप क्षेत्रीय रुपमा त्यस्ता महाविद्यालयहरु र कृषि विज्ञान तथा प्राविधिक विश्वविधलयको स्थापना सम्बन्धी सम्भाव्यता अध्ययन गरिनेछ । त्यस्तै पूर्वाञ्चल र पश्चिमाञ्चल विकास क्षेत्रमा एक एक विश्वविद्यालय खोल्नेतर्फ प्रारम्भिक कार्यहरु गरिने छन् । प्रौढ शिक्षातर्फ सरकारी स्तरमा थप प्रौढ कक्षा संचालन गरी थप ५ लाख ५४ हजार जनसंख्यालाई साक्षर गराउन ११ हजार प्रौढ शिक्षकहरु तथा २ सय जना प्रशिक्षकहरुलाई तालीम दिन रु.५ करोड २८ लाख रकमको व्यवस्था गरेको छु । यसबाट निरक्षरतामा कमी ल्याउन तथा रोजगारीको थप अवसर उपलब्ध गराउन समेत मद्दत पुग्नेछ । पुरातात्विक संरक्षण्क तथा उत्खननको लागि पनि रकमको व्यवस्था गरेको छु ।

shilapatra.com

५२ समाज कल्याणतर्फ प्रत्येक जिल्लाका पिछडिएका जनजातिका दश दश जना छात्र छात्राहरुलाई शैक्षिक सामग्री खरीद गर्न जनही बार्षिक रु.६००।– आर्थिक सहायता दिन बजेट व्यवस्था गरेको छ । देउकी र भाँड समुदायका १० जना छोरा छोरीहरुलाई काठमाडौंको आवासीय विद्यालयहरुमा कक्षा ८ देखि अध्ययनको लागि पनि बजेट व्यवस्था गरेको छ । राउटे, मुसहर, झाँगर, डोम, दुसाद, प्रजा, सत्तार, धिमाल आदिको उत्थानमा सहयोग पुऱ्याउनको लागि पनि बजेट विनियोजन गरेको छ र यसबाट आगमी बर्ष देखि उनीहरुको शिक्षा–दीक्षाको लागि कार्यक्रमहरु बनाउन सहयोग पुग्नेछ । यसको साथै गरीब र जेहन्दार छात्रछात्रालाई छात्रबृत्ति प्रदान गर्दै लग्ने व्यवस्थाको लागि रकम छुटयाएको छ ।

५३ अन्ध,अपाङ्ग एवं मगन्तेहरुका लागि व्यवसायिक शिक्षा र छात्रबृत्तिको व्यवस्थ गर्न चालु आर्थिक बर्षमा विशेष योजना तयार गरिनेछ । प्रत्येक जिल्लाको २५ जनाको दरल १८७५ जना कामकाज गर्न नसक्ने गरीब अशक्तहरुलाई प्रति महिना रु.१००।– का दरले अशक्त बृत्ति प्रदान गर्न पनि आवश्यक रकम विनियोजन गरेको छ । असहाय र निर्धन ज्येष्ठ नागरिकहरुको न्यूनतम जीवनयापनको सुरक्षा व्यवस्था तथा उनीरुको सम्मान गर्नु राज्यको कर्तव्य भएकोले यसतर्फ अविलम्ब कदमहरु चालिने छन् । यसको लागि तत्कालै ७५ बर्ष र सो भन्दा माथिका जेष्ठ नागरिकको जीवनयापन सुरक्षा कार्यक्रम प्रयोगात्मक रुपमा पाँच जिल्लामा शुरु गरिने छ। अनुभवको आधारमा यसलाई अधिराज्यका सबै जिल्लाहरुमा क्रमशः विस्तार गर्दै लगिनेछ ।

५४ साहित्यकर्मी र कलाकारहरुको योगदान र उत्साह सम्बर्द्धन गर्ने उद्देश्यले प्रत्येक विकास क्षेत्रका पाँच–पाँच जना उत्कृष्ठ साहित्यकर्मी र कलाकारहरुलाई रु.१० हजारको दरले पुरस्कार दिनका लागि आवश्यक रकमको व्यवस्था गरेको छ ।

५५ राष्ट्रकै सम्मानित नेता स्वर्गीय मदन भण्डारी तथा जीवराज आश्रितको योगदानलाई राष्ट्रिय स्मृतिपटलमा जीवन्त राख्नु हामी सबैको कर्तव्य हो । त्यसैले वहाँहरुको स्मृतिमा स्थापना भैसकेको मदन–आश्रित प्रतिष्ठानको लागि चालू आर्थिक बर्षमा रु.५० लाख अनुदान उपलब्ध गराउने व्यवस्था गरेको छ ।

५६ स्वास्थ्य तर्फ रु.२ अरब ७ करोड विनियोजन गरेको छ । स्वास्थ्य जीवन नै विकासको एक पूर्वाधार हो । अतः गाउँ–गाउँसम्म निःशुल्क प्राथमिक स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्य राखी सरकारले आफ्नो कार्यको थालनी गर्नेछ । यसको लागि चालु आर्थिक बर्ष थप ७०० उप–स्वास्थ्य चौकी खडा गरिनेछन् । जनतामा स्वास्थ्य सेवाको पहुँच बढाउन विशेषज्ञ चिकित्सकको घुम्ती टोली पठाई स्थानीयस्तरमै विशेष उपचार गर्ने कार्यक्रम परीक्षणको रुपमा संचालन गर्ने व्यवस्था मिलाएको छ । यसको अलावा प्राथमिक उपचारका साधन एवं औषधिहरु गाउँ–गाउँसम्म पुऱ्याउन औषधि पसलहरुको स्थापनामा ऋण प्रवाह गराउने तर्फ बैकहरुलाई उत्प्रेरित गराइनेछ । निःशुल्क औषधि वितरण प्रणालीमा सुधार ल्याउने र हाल संचालनमा रहेका अन्य नियमति स्वास्थ्य कार्यक्रमहरु बढी प्रभावकारी ढंगले संचालन गर्ने समेत व्यवस्था गरेको छ ।

५७ पिउने पानीतर्फ रु.१ अरब ६३ करोड ५९ लाख विनियोजन गरेको छ । गाउँ गाउँमा संचालन गरिएका खानेपानी आयोजनाहरु उपलब्धिमूलक र प्रभावकारी हुन नसकेको पृष्ठभूमिमा गाउँको आवश्यकता तथा जनताको चाहना अनुरुप खानेपानी कार्यक्रम संचालनमा प्राथमिकता दिइनेछ । स्थानीय श्रम र सीपको प्रयोग हुने इनार र कुवाबाट पानीको आपूर्ति गर्नेतर्फ विशेष जोड दिइनेछ । गाउँ वस्तीमा विउनेपानीका स्रोतहरुको पहिचान गरी खानेपानीको कार्यक्रम देशव्यापीरुपमा संचालन गर्न चालू बर्षदेखि खानेपानीका आयोजनाहरु अझ व्यापक रुपमा संचालन गर्न मद्दत पुग्नेछ । कोड,कुखोलाबाट पानी ल्याई काठमाडौंको पानीको आपूर्ति समस्या समाधान गर्नेतर्फ सरकारले उच्च प्राथमिकता दिनेछ । विगतमा निश्चित प्रतिशत जनसंख्यालाई पिउने पानी पुऱ्याउने लक्ष्य राखी धारा जडान गरिएको भए तापनि लक्षित समूहले अन्य समस्याको अतिरिक्त स्रोत संरक्षणको अभावमा पिउनेपानीको नियमित सुविधा पाइरहेको छैन । यसैले स्रोत संरक्षणका उपायहरुको खोजी गर्ने कार्यहरु प्रारम्भ गरिनेछ । काठमाडौ उपत्यकामा पनि स्रोत संरक्षणका कार्यक्रमहरु संचालन गर्नेतर्फ समुचित ध्यान पुऱ्याइनेछ ।

**सभामुख महोदय,**

५८ स्थानीय विकास तर्फ रु.२ अरब ६५ करोड १० लाख विनियोजन गरेको छ । हामी विकेन्द्रीकरणको सिद्धान्तलाई व्यवहारमा उतार्न कटिवद्ध छौं । जनताका आवश्यकता एवं आकांक्षा अनुरुप जनसभागितको आधारमा स्थानीय विकास निर्माणका कार्य अभियानको रुपमा संचालन गर्न आफ्नो गाउँ आफै बनाऔं भन्ने विशेष कार्यक्रम संचालन गरिने कुरा मैले माथि पनि उल्लेख गरिसकेको छु । चालु बर्षको बाँकी अवधिका लागि यस कार्यक्रम अन्तर्गत प्रत्यके गाउँ विकास समितिलाई रु.३ लाखका दरले स्थानीय विकास अधिकारी मार्फत सोझै रकम उपलब्ध गराउने व्यवस्था गरेको छु । यस कार्यक्रमका लागि रु.१ अरब २० करोडको बजेट व्इवस्था गरेको छु । कार्यक्रमको प्रभावकारीतको आधारमा आगामी बर्षहरुमा सो रकममा बृद्धि गर्दै लगिने कुरा पनि म माननीय सदस्यहरुलाई अवगत गराउन चाहन्छु । यसबाट गाउँको विकास, रोजगारी प्रवर्द्धन तथा सामान्य जनताको जीवनस्तर उठाउने कार्यमा ठूलो मद्दत पुग्ने विश्वास मैले लिएको छु । त्यसको अलावा प्रतिनिधि सभाका माननीय सांसदहरुको भावना तथा आफ्नो क्षेत्रको विकास निर्माणमा रहेको जिम्मेवारीलाई मनन गर्दै चालु आर्थिक बर्षको बाँकी अवधिका लागि प्रत्येक सांसदहरुको निर्देशनमा आफ्नो निर्वाचन क्षेत्रमा विकास निर्माण गर्ने गरी रु.२ लाख ५० हजारका दरले रु.५ करोड १२ लाख ५० हजारको बजेट विनियोजन गरेको छु । यो रकम जिल्ला विकास कोषमा उपलब्ध गराई खर्च गर्ने व्यवस्था मिलाइनेछ । सो रकमको हरहिसाव र लेखापरीक्षणको व्यवस्था जिल्ला विकास समितिबाट हुनेछ ।

५९ महिला विकास कार्यक्रम हाल देशका २०० गाउँ विकास समितिमा संचालित छन् । चालू आर्थिक बर्षमा यो कार्यक्रम थप ६४ गाउँ विकास समितिहरुमा विस्तार गरिने छ । त्यसको अलावा ग्रामीण महिला उत्पादन कर्जा कार्यक्रम चालु बर्षदेखिनै अझ व्यापक गर्दै लगिने छ । यो कार्यक्रम पिछडिएका एवं मजदुर महिलाको उत्थान गर्ने ढंगले संचालन गर्नेतर्फ आवश्यक संस्थागत सुधारहरु गरिनेछन् ।

६० काठमाडौ शहरी क्षेत्रमा फोहरको समस्याले विकराल रुप लिएको छ । सक्षम एवं प्रभावकारी व्यवस्थापनको अभावमा फोहोर मैला र प्रदूषणको समस्या चर्कदै गएको सबैतिरबाट महसूस भैरहेकोले स्थानीय निकाय र श्री ५ को सरकारको समन्वयमा यो समस्याको निराकरण गरिनेछ । काठमाडौलाई स्वच्छ,प्रदूषणरहित तथा पर्यटकीय हिसाबले समेत आकर्षक बनाउँदै लग्नेतर्फ विशेष ध्यान दिइनेछ । काठमाडौ शहरको फोहरमैला हटाउन र त्यसलाई मूल एवं ऊर्जामा रुपान्तरण गर्न एक छुट्टै कार्यक्रम संचालन गरिनेछ । यस कार्यको लागि रु.१६ करोड बजेट व्यवस्था गरेको छु । वागमती नदीको प्रदूषण एवं फोहरको समस्या समाधान गर्न एउटा छुट्टै गुरु योजना तयार गरी कार्यान्वयनमा ल्याइने कुरा पनि म माननीय सांसदहरुलाई अवगत गराउन चाहन्छु ।

६१ प्रजा एवं अन्य आदिवासी विकास कार्यक्रम अन्तर्गत एउटै , मुसहर, झाँगर, डोम, दुसाध, चेपाङ्ग, सत्तार, धिमाल, जस्ता जातीलाई समावेश गरी आय आर्जनको अवसरहरु प्रदान गर्न विशेष कार्यक्रम संचालन गरिनेछ । यसको लागि रु.२ करोड छुट्याएको छु ।

६२ कतिपय नगरपालिकामा कार्य फछर्यौट गराउँदा जनताले भोग्नु परेको प्रकृयागत झन्झट तथा कष्टलाई ध्यानमा राखी नगरपालिकाहरुलाई आफ्नो कार्य दक्षता र व्यवस्थापनमा सुधार ल्याउनेतर्फ आकृष्ट गर्दै नगरपालिकाहरुलाई नगर विकास सम्बन्धी गुरु योजनाहरु तयार गरी कार्यक्रम संचालन गर्न प्रेरित गरिनेछ । हाल संचालनमा रहेका स्थानीय विकास सम्बन्धी दुर्गम विकास तथा अन्य कार्यक्रमहरु अझ बढी प्रभावकारी ढंगले संचालन गरिनेछ ।

६३ अन्य सामाजिक सेवातर्फ रु.७७ करोड ४७ लाख विनियोजन गरेको छु । जनसंख्याको बढ्दो चाप एवं गरीवी नै व्यवस्थित शहरीकरण र स्वस्थ्य आवास व्यवस्थामा मुख्य बाधकको रुपमा रहेको छ। गाउँमा सेवा तथा रोजगारीका अवसरहरुको अभावमा रोजगारी एवं शिक्षाका लागि शहरतर्फ आउने प्रवृत्ति बढ्दो छ । यस्तो प्रबृत्तिलाई निरुत्साहित गर्ने र ग्रामीण क्षेत्रको विकासमा थप गति प्रदान गर्न पाँच विकास क्षेत्रमा जम्मा १५ वटा नमूना गाउँ निर्माण कार्यक्रम संचालन गरिनेछ । यसको साथै साना शहर बजार विकासबाट ग्रामीण विकास सम्बन्धी कार्यक्रम संचालन गरी ग्रामीण विकास थप मद्दत पुऱ्याउने उद्देश्यले प्रारम्भिक कार्यहरुको थालनी गरिनेछ । ठूला शहर र गाउँ बीचको बजार व्यवस्थापन, वस्ती विकास, पूर्वाधार निर्माण एवं सेवा विस्तारका लागि थप साधन परिचालन गरी जनसहभागिता जुटाउने तर्फ विशेष ध्यान दिएको छु । कमैया बसोबास कार्यक्रम अन्तर्गत कमैयाहरुको व्यवस्थित बसोबासका लागि रु.१ करोडको बजेट विनियोजन गरेको छु । संचय कोषमा निस्कृय रुपमा रहेको रकमको उपयोग गरी कर्मचारी आवास कार्यक्रम संचालन गर्नेतर्फ चालू बर्षमै कार्यहरु आरम्भ गरिने छन् । सांसदहरुको आवास व्यवस्था मिलाउने तर्फ पनि काम थालिनेछ ।

**सभामुख महोदय**

६४ कृषिमा भएको लगानीको अनुपातमा कृषि क्षेत्रको उत्पादनकत्व बढी आफ्नो जीवन स्तरमा सुधार ल्याउने अवसर कृषकहरुले पाइरहेको छैनन् । उत्पादन लागत एवं मूल्य, कृषि बजार व्यवस्था, कृषि व्यवसायको विविधीकरण जस्ता पक्षमा थुप्रै समस्याहरु रहेका छन् । कैयौ क्षेत्रमा कृषकले उत्पादित वस्तुको बजार समेत नपाई रहेकोले बाली विविधीकरण र उत्पादनस्तर बढाउने कार्यमा कृषकहरुले अनगिन्ती समस्याहरु भोगिरहेका छन् । कृषिमा रहेका विविध समस्याहरुको समाधानका लागि हाट बजार एवं कृषि जन्य उदोगको विकास, कृषक एवं उपभोक्ता संस्थाहको विकास, कृषि व्यवसायको विविधीकरण, खरायो तथा माहुरी पालन, रेशम, जडीबुटी खेती जस्ता कार्यक्रम प्रभावकारी रुपमा संचालन गरिनेछन् र रोजगारी एवं आय आर्जनका अवसरहरु बढाउदै कृषकको जीवनस्तर माथि उठाउने कार्यमा केन्द्रीत गरिने छन् । कृषि क्षेत्रको लागि रु.२ अरब ८४ करोड ३१ लाख विनियोजन गरेको छु ।

६५ चालु आर्थिक बर्षमा केही क्षेत्रहरुमा परेको सुख्खाले कृषकहरुले ठूलो समस्या भोग्नु परेको छ । यस समस्याको तत्काल समाधानका लागि सिचाई, वीउविजन, मलखाद कृषि ऋण सुविधाको एकिकृत कार्यक्रम संचालन गरिने छ । यसका लागि रु.१ करोडको छुट्टै बजेट विनियोजन गरेको छु ।

६६ बहुसंख्यक कृषक समुदाय ग्रामीण क्षेत्रमा रहेका र उनीहरु विकराल गरीबीको अवस्थाबाट गुज्रिरहेकाले कृषकको आवश्यकता, स्थान विशेषको संभाव्यता र कृषकहरुकै सहभागिताका आधारमा जिल्ला स्तरका कृषि बिकास कार्यक्रमहरु तर्जुमा तथा कार्यान्वयन गर्ने परिपाटीको थालनी गरिनेछ । कृषक समूहहरु गठन गर्दै उनीहरुलाई बढी दक्ष एवं प्रभावकारी बनाई प्रत्यक्ष लाभ पुऱ्याउन यस्ता समूहगत कार्यक्रमहरु संचालन गरिने छन् ।

६७ ग्रामीण अर्थतन्त्रको विकासमा सहकारी संस्थाको अग्रणी भूमिका हुन्छ । त्यसैले यस्ता संस्थाको विकास र विस्तार गारी सहकारी आन्दोलनलाई अभियानको रुपमा अगाडि बढाइनेछ । यी संस्थाहरुलाई स्थानीय जनताको उत्पादन खरीद तथा स्थानीय आवश्यकता अनुरुप वस्तु र सेवा सुलभ रुपमा आपूर्ति गर्ने कायमा संलग्न गराउने नीति लिइनेछ । यसका लागि मौजुदा ऐन नियममा सुधार गरिनेछ । साथै सहकारी स्ंस्थाहरुले पाउने कर छुटको प्रक्रियालाई सुगम बनाइनेछ ।

६८ सिचाईतर्फ रु.२ अरब ८४ करोड ३१ लाख विनियोजन गरेको छु । सिचाईमा हालसम्म प्रशस्त लगानी भएपनि कृषि क्षेत्र अधापी मौसममा निर्भर छ । सुख्खा एवं बाढीबाट कृषि क्षेत्र पटक पटक आहत हुन पुगेको छ । ठूला सिचाई योजना संचालनमा थुप्रै समस्याहरु देखा परेका छन् । अतः हाल कार्यान्वयनमा रहेका त्यस्ता आयोजनाहरुको पुनरावलोकन गर्दै चाँडो सम्पन्न गरिनेछ । साथै साना तथा मझौला सिचाई कार्यक्रमलाई प्राथमिकता दिने नीति अगाडि बढाइनेछ । सिचाईका कार्यक्रममा शुरु देखिने कृषककहरुको सहभागिता जुटाउने र संचालन तथा सम्भारमा समेत उपभोक्ता कृषककहरुलाई नै संलग्न गराउदै जाने नीति अवलम्बन गरिनेछ । सामुदायिक स्यालो ट्यूववेल कार्यक्रमलाई विस्तार गर्नुका साथै सिचाई कार्यक्रमका लागि कृषककहरुलाई ऋण र अनुदान उपलब्ध गराउँदै जान पनि बजेटको व्यवस्था गरेको छु । जनसहभागिता जुटाउँदै नदी नियन्त्रण कार्यक्रमलाई अझ व्यापक बनाउनका लागि रु.९ करोड बजेट छुट्याएको छु ।

६९ भूमिसुधार तथा नापीतर्फ रु.२७ करोड ४३ लाख विनियोजन गरेको छु । नियमित रुपमा संचालन भैरहेको एकोहोरो नापी कार्यक्रम आगामी बर्ष मै पूरा गर्ने लक्ष्य लिई कार्य गरिनेछ । द्वैध–स्वामित्व लगायत भूमि सम्बन्धी विविध पक्षको मूल्याकंन गरी श्री ५ को सरकारलाई सुझाव दिन "भूमिसुधार आयोग" गठन गरिनेछ ।

७० वन तथा भूसंरक्षणतर्फ रु.९१ करोड ६७ लाख विनियोजन गरेको छु । बन क्षेत्र दिनानुदिन नाश हुँदै गएको तथ्य सबैको सामु स्पष्ट छ । भू–संरक्षण तथा जलाधार संरक्षणको अभावमा बाढी पहिरो जाने, पिउनेपानीको स्रोत समेत सुक्दै जाने लगायत वातावरणीय सन्तुलन विग्रने समस्या चर्कदै गएको छ। बन तथा भू–संरक्षणको महत्व बारे जनतामा चेतना अभिबृद्धि गराउँदै जनतालाई बन तथा भू–संरक्षण कार्यमा संलग्न गराउने र कार्यक्रमहरु संचालन गर्ने हाम्रो नीति रहेको छ । यस क्रममा जनसहभागिताको माध्यमद्धारा राजमार्गका छेउ–संरक्षण कार्यमा संलग्न गराउने र कार्यक्रमहरु संचालन गर्ने हाम्रो नीति रहेको छ । यस क्रममा जनसहभागिताको माध्यमद्धारा राजमार्गका छेउछाउ र अन्य पर्ति जग्गामा बृक्षारोपण कार्यक्रमलाई व्यापक रुपमा संचालन गरिनेछ । बन पैदावारको आपूर्ति व्यवस्था र कार्यक्रमलाई ब्यापक रुपमा संचालन गरिनेछ । वन पैदावारको आपूर्ति व्यवस्था र भू–उपयोग बीच सन्तुलन ल्याउने उद्देश्यबाट बन विकासका कार्यक्रमहरु संचालन गरिनेछन् । बन तथा बनस्पति अनुसन्धान र राष्ट्रिय निकुन्ज तथा बन्यजन्तु संरक्षण सम्बन्धी अन्य नियमित कार्यक्रमहरु संचालन गर्दै लगिने छन् ।

७१ उद्योग तथा खानीतर्फ रु.५४ करोड ७५ लाख विनियोजन गरेको छु । स्थानीय श्रम,सीप र कच्चा पदार्थ अधिकतम रुपमा प्रयोग गरी स्थानीय आवश्यकता पूर्ति गर्ने तथा विदेशमा बजारको खोजी गरी निर्यात प्रवर्द्धन गर्ने कार्यमा मद्दत पुग्ने ढंगले औद्योगीकरणको कार्यक्रमलाई तीब्र रुपमा अगाडि बढाउने नीति लिएको छु । यस नीति अन्तर्गत नयाँ उद्योगहरुको स्थापना लगायत साना तथा घरेलु उद्योगको विकासमा विशेष ध्यान दिइनेछ । यसमा सहयोग पुऱ्याउन व्यावसायिक एवं दक्षता बृद्धि तालीम कार्यक्रमहरु विस्तारित रुपमा संचालन गर्दै लगिने छन् । कच्चा पदार्थकै रुपमा देश बाहिर जाने गरेका बहुमूल्य पत्थर एवं अन्य खनिज पदार्थलाई प्रशोधित रुपमा मात्र निकासी गर्ने कार्यको थालनी गरिनेछ । प्रारमिभ्क अध्ययनबाट उपयुक्त देखिएको अर्घाखाँची स्थित नरपानी चुनढुँगा खानीको विस्तृत अध्ययन चालू आर्थिक बर्ष मै गरिनेछ र संभाव्यताको आधारमा सिमेन्ट उद्योग स्थापना गर्नेतर्फ कार्यहरु प्रारम्भ गरिनेछ । त्यसै गरी सम्भाव्यताका आधारमा देशका अन्य क्षेत्रहरुमा पनि खानीजन्य उद्योग स्थापना गर्ने कार्यलाई प्राथमिकता दिदै लगिने छ । संयुक्त लगानीका लागि राष्ट्रिय हित अनुरुपका उपयुक्त क्षेत्रमा विदेशी पूँजी आकर्षित गरिने छ र उद्योग तथा खनीज विकासमा परिचालन गरिनेछ । यस क्षेत्रमा पूँजी परिचालनका लागि पूँजी बजारको विकासमा समेत समुचित ध्यान पुऱ्याइनेछ ।

७२ नेपालमा उत्पादित वस्तुहरुको गुणस्तर बढाई अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सकुन भन्ने उद्देश्यले गुणस्तर प्रमाणीतकरण कार्यक्रमलाई व्यापक र प्रभावकारी बनाउँदै लगिनेछ । यसबाट निर्यात प्रवर्द्धनमा देखा परेका समस्या समाधानमा मद्दत पुग्ने मैले विश्वास लिएकोछु । वातावरण प्रदुषणलाई नियन्त्रण गर्ने कार्यमा औद्योगिक क्षेत्रको महत्वपूर्ण भूमिका हुने हुनाले सबै उद्योगहरुलाई वातावरण प्रदूषण नियन्त्रण उपकरण जडान गर्न प्रोत्साहित गरिनेछ । विविध कारणबाट रुग्ण उद्योगले ठूलो समस्या व्यहोरिरहेको हुनाले यस्ता उद्योगहरुको पुनरुत्थानका लागि छुट्टै रकमको व्यवस्था गरेको छु ।

**सभामुख महोदय,**

७३ चालु आर्थिक बर्षमा संचारतर्फ रु१ अरब ३४ करोड ३८ लाख विनियोजन गरेको छु । रेडियो र टेलिभिजनका कार्यक्रमलाई बढी शिक्षामूलक बनाई विस्तार एवं प्रचार प्रसार गर्ने हाम्रो नीति अनुरुप यस्ता कार्यक्रमहरु उत्पादन गर्ने कार्यको थालनी भैसकेको छ । प्रचार प्रसारका सेवाहरु कुनै दल विशेष वा व्यक्ति विशेषको नभई सम्पूर्ण जनताको सेवातर्फ उन्मुख हुनु पर्ने कुरामा हाम्रो पार्टीले वारम्बार जोड दिदै आएको हो । सोही अनुरुप संचार क्षेत्रलाई निष्पक्ष, शिक्षाप्रद एवं जनमुखी बनाउँदै

लगिनेछ । अधिराज्यभर देख्न सकिने गरी टेलिभिजन सेवाको विस्तार गर्दै लगिनेछ । हुलाक सेवा जनताको घर दैलोसम्म पुऱ्याउन गाउँ विकास समितिको सहयोगमा चालू आर्थिक बर्ष देखि नै विशेष हुलाक सेवा कार्यक्रमको थालनी गरिनेछ । टेलिफोनको बढ्दो मागको आपूर्ति गर्दै दुरसंचार सेवालाई प्रत्येक गाउँ विकास समितिसम्म विस्तार गर्न सक्ने गरी सक्षम तुल्याउन नेपाल दूरसंचार संस्थानलाई सुदृढ गरिनेछ ।

७४ यातायाततर्फ रु.३ अरब ७५ करोड १४ लाख विनियोजन गरेको छु । विकासको भौतिक पूर्वाधारको रुपमा रहेको सडक यातायातको विकास र विस्तार नभई अन्य क्षेत्रको विकास फष्टाउन सक्दैन । जनताको आवतजावत तथा उत्पादित वस्तुको ढुवानी एवं आपूर्तिको व्यवस्था भरपर्दो र सुलभ बनाउनका लागि पनि यस क्षेत्रमा लगानी बढाउन आवश्यक छ । निर्माण भैसकेको पूर्वाधारको मर्मत सम्भारको लागि पनि यस क्षेत्रमा लगानी बढाउँदै जानु पर्ने देखिएको छ। सडक यातायातको महत्वपूर्ण भूमिका हुने हुनाले स्वाभाविक रुपमा सडक आयोजनाको माग बढ्दै गएको छ । पहाडी क्षेत्रमा आर्थिक गतिविधिको विस्तार गर्न र जटिल हुँदै गएको बसाई सराईको समस्या समेत समाधान गर्न देशको मधय पहाडी भाग हुँदै एक मेरुदण्ड राजमार्गको निर्माण गर्न नितान्त आवश्यक भएको छ। यसैले निर्माण भइसकेका वा निर्माणाधीन मार्गहरुलाई समेत मेरुदण्ड राजमार्गको रुपमा गुरु योजना भित्र पारी आयोजना संचालन गर्नका लागि चालु आर्थिक बर्षमै सम्भाव्यता अध्ययन सर्वेक्षण गरिने छ । यसको अतिरिक्त सदरमुकाम जोड्ने राजमार्गहरुको निर्माणमा उच्च प्राथमिकता दिइनेछ । त्यसैगरी जिल्ला जिल्लाबाट माग भई आएका सडक आयोजनाहरुलाइ जन सहभागिता जुटाई कार्यान्वयन गदै जान पनि बजेट विनियोजन गरेको छु ।

७५ तेतीस बर्ष पहिलो निर्माण शुरु गरिएको महेन्द्र राजमार्ग हालसम्म पनि पूर्णरुपमा यातायात चल्न सक्ने भैसकेको छैन । अतः कर्णाली पारीका पुलहरुको निर्माण गरी राजमार्गको सम्पूर्ण खण्ड शीघ्र निर्माणमा समेत समुचित ध्यान दिइनेछ ।

७६ हवाई यातायाततर्फ विमानस्थ्ल निर्माण र हवाई यातायातको सुरक्षा व्यवस्थाका लागि संचार एवं उडडयन सहायक उपकरणहरुको जडान तथा जनशक्तिको तालीम कार्यक्रममा विशेष ध्यान दिइने छ । हवाई सेवा र सोको विस्तारबाट पर्यटन विकास एवं दुर्गम क्षेत्रहरुका जनताको आवागमनमा समेत सघाउ पुग्ने हुँदा यसको विकासमा ध्यान दिनु नितान्त जरुरी छ । पर्यटन विकासलाई समेत ध्यानमा राखी काठमाडौ बाहिर अर्को अन्तराष्ट्रिय विमानस्थल निर्माणका लागि संभाव्यताको अध्ययन गरिनेछ । त्यस्तै बैकल्पिक मार्ग विकासको सम्भाव्यता पहिचान गर्न जल तथा रेलमार्गको संभाव्यता अध्ययन गरिनेछ । धेरै अघि तराई क्षेत्रमा पूर्व–पश्चिम रेलमार्गको निर्माणको लागि गरिएको सम्भाव्यता अध्ययनको पुनरावलोकन गरी तराईको पूर्व मेची देखि पश्चिम महाकालीसम्मको रेलमार्ग बारे प्रारम्भिक कार्य यसै आर्थिक बर्षमा शुरु गरिनेछ । साथै जनकपुर रेल्वेको सुदृढीकरणका लागि नेपाल यातायात संस्थानमा रु.१ करोड ५० लाख ऋण लगानी गर्ने व्यवस्था गरेको छु ।

७७ विद्युततर्फ रु.२ अरब ८७ करोड २९ लाख विनियोजन गरेको छु । चुहावट नियन्त्रण गर्न तथा कम भोल्टेजको विद्युत उपकरणको प्रयोगबाट विद्युत खपत बचत गरी विद्युतको आपूर्ति नियमित गर्न श्री ५ को सरकारले विद्युत प्राधिकरण मार्फत विशेष कार्यक्रम संचालन गर्ने व्यवस्था गरेको छ। निर्माणाधीन विद्युत आयोजना छिटो पूरा गर्ने? संभाव्य आयोजनाहरु शीघ् कार्यान्वयनमा ल्याउने तथा बैकल्पिक ऊर्जा कार्यक्रमलाई विस्तार गर्ने सरकारको नीति रहेको छ । विद्युत आपूर्तिको समस्यालाई ध्यानमा राखी चालु आर्थिक बर्षको बाँकी अवधिमा साना एवं मझौला जल विद्युत आयोजनाको संभाव्यता अध्ययन गराई सम्भाव्य आयोजनाहरु आगामी आर्थिक बर्षदेखि नै कर्यान्वयनमा ल्याइनेछन् । कालीगण्डकी "ए" विद्युत आयोजना कार्यान्वयनको लागि अविलम्ब पहलकदमी लिइनेछ । झिनरुक जल विद्युत आयोजनाको संचालन तथा सम्भार गर्न तथा खिम्ती जल विद्युत आयोजनाको पहुँच सडक निर्माणका लागि थप बजेटको व्यवस्था गरेको छु । श्री ५ को सरकार, नेपाल विद्युत प्राधिकरण, कृषि विकास बैक तथा निजी क्षेत्रको संयुक्त प्रयासमा स–साना जल विद्युत एवं बैकल्पिक ऊर्जा विकास तथा ग्रामीण विद्युतिकरण कार्यक्रम अगाडि बढाइने छ । जलस्रोतको विकासमा सहयोग पुऱ्याउन तथ्याकं संकलन तथा विश्लेषण कार्य जारी राखीनेछ । जलस्थिति मापक केन्द्रको नियमित सेवा संचालन गरिनेछ ।

७८ पर्यटन विकासका लागि विकासतर्फ रु.२२ करोड ६२ लाख विनियोजन गरेको छु । पर्यटन क्षेत्रले नियमित बैदेशिक मुद्रा आर्जन तथा रोजगारीका अवसरहरु बृद्धि गर्ने कार्यमा ठूलो मद्दत पुऱ्याई रहेको छ । साथै यस उद्योगलाई अझै विस्तार गर्न सकिने सम्भावना भएकोले यस क्षेत्रको विकासमा प्राथमिकता दिइनेछ । पर्यटकका लागि आकर्षक बन्न सक्ने नयाँ थलोहरुको पहिचान गर्दै पर्यटन क्षेत्रहरुको विस्तार गरिनेछ । कुटनैतिक नियोगहरुलाई समेत पर्यटन विकासमा सहयोग पुग्ने ढंगले परिचालन गरिनेछ ।

७९ मूल्य बृद्धिबाट न्यून आय भएका जनतालाई पर्ने भारबाट जोगाउन प्रारम्भमा काठमाडौमा उपभोक्ता सहकारी संस्थाहरु र अधिकृत विक्रेताको सहयोगमा सुपथ मूल्य पसलहरु खोलिनेछन् । राशन कार्डको व्यवस्था गरी न्यून आय भएका जनतालाई अत्यावश्यक दैदिक उपभोगका सामान सुपथ मूल्यमा उपलब्ध गराउने उद्देश्यले चालू आर्थिक बर्षमै यसको आर्थिक एवं व्यवस्थापकीय पक्षमा पर्ने असरको अध्ययन विश्लेषण गरिनेछ । बजारमा यदाकदा देखिने सामानहरुको अकस्मात मूल्य बृद्धिलाई नियन्त्रण गर्न, अत्यावश्यक सामानहरुको नियमित आपूर्ति गर्न तथा मौज्दात व्यवस्था सुदृढा गरी बजारमा हस्तक्षेप गरे पनि मूल्यलाई अनियन्त्रित रुपम बढन नदिने उपाय अवलम्बन गर्न नेपाल खाद्य संस्थानलाई ब्याज अनुदानको निमित्त मात्र रु.१६ करोडको व्यवस्था गरेकोछु ।

**सभामुख महोदय,**

८० बढ्दो बेरोजगारी समस्या पहिचान गर्दै शीपमूलक तालीमको व्यवस्था गर्न र रोजगारीका थप अवसरहरु व्यापक रुपमा सिर्जना गर्ने काईमा सहयोग पुऱ्याउन श्रम विभागलाई विशेष सक्रिय बनाइने छ । यी कार्यक्रमहरुका लागि रु.८ करोडको बजेट व्यवस्था गरेको छु । यस कार्यक्रम अन्तर्गत आवश्यकता हेरी विभिनन जिल्लामा रोजगारी सूचना तथा प्रशिक्षण केन्द्र स्थापना गर्दै लगी तिनीहरुलाई बेरोजगारी स्थिति अध्यावधिक गर्ने, स्थानीय शीपमूलक तालीमको व्यवस्था गर्ने तथा बैकल्पिक रोजगारीका अवसरहरु पहिचान गर्ने कार्यमा लगाईनेछ । त्यसको अतिरिक्त काठमाडौ अविलम्ब एक अल्पकालीन शीपमूलक तालीम केन्द्रको स्थापना गरी बेरोजगार युवालाई तालीम दिने कार्यक्रम संचालन गरिनेछ । विदेशमा के कस्तो शीपको माग छ त्यसको आधारमा यसले अल्पकालिन तालीम संचालन गर्ने छ र सरकारले आफ्नो पहलकदमीमा यस्ता तालिम प्राप्त युवाहरुलाई विदेशमा रोजगारी उपलब्ध गराउँदै जाने व्यवस्था गर्नेछ । कामका लागि खाद्यान्न कार्यक्रमलाई पनि अझ व्यापक गरी सिचाई तथा अन्य निर्माणका कार्यमा प्रयोग गरी रोजगारीका अवसरहरु बढाउँदै लगिनेछ ।

८१ गरीबी निवारणका विशेष कार्यक्रमहरु संचालन गरी लक्षित समूहको उत्थानमा सहयोग पुऱ्याउन रु.१ करोडको व्यवस्था गरेको छु ।

८२ बाणिज्यतर्फ निर्यात प्रवर्द्धनमा हाल देखा परेको समस्या केलाई समस्याको निदानतर्फ सरकारले उच्च प्राथमिकता दिनेछ । निर्यात प्रवर्द्धनमा तत्कालै सहयोग पुऱ्याउनका लागि रु.६ करोडको बजेट व्यवस्था गरेको छु ।

८३ गत तीन बर्षदेखि राष्ट्र सेवकहरुको तलबमा बृद्धि गरिएको छैन । यस अवधिमा मूल्यमा भने अत्यधिक बृद्धि हुन गएको छ । सीमित साधनको कारण जीवनयापनका लागि तत्कालै आवश्यक तलब र सुविधा बृद्धि गर्न सकिने स्थिति छैन । तापनि बढ्दो महगीबाट केही हदसम्म राहत प्रदान गर्न निजामती कर्मचारी शाही सेना, प्रहरी एवं शिक्षकहरुलाई यही पौष महिना देखि नै पाउने गरी सबै श्रेणी एवं तहमा मासिक रु.३००।– का दरले मंहगी भत्ताको व्यवस्था गरेको छु ।

८४ मैले माथि प्रस्तत् गरेको आर्थिक बर्ष २०५१।५२ को साधारण र विकासका कूल व्यय अनुमान रु.४२ अरब ६९ करोड ६ लाख ११ हजारको लागि राजश्वको वर्तमान स्रोतबाट रु.२३ अरब ८५ करोड १९ लाख ८ हजार बैदेशिक अनुदानबाट रु.४ अरब ४६ करोड २४ लाख ३० हजार, बैदेशिक ऋणबाट रु.११ अरब ३३ करोड ६२ लाख ७३ हजार व्यहोरिने भई रु.३ अरब ४ करोड न्यून रहनेछ ।

**सभामुख महोदय,**

८५ म अब चालु आर्थिक बर्ष २०५१।५२ को राजश्व सम्बन्धी प्रस्ताव पेश गर्दछु ।

८६ यस सम्बन्धमा म सर्वप्रथम माननीय सांसदहरुलाई नेपाल कम्युनिष्ट पार्टी (एमाले) को चुनाव घोषणा पत्रमा उल्लेख गरिएको ने.क.पा.(एमाले) को सरकारले अपनाउने कर नीतिको स्मरण गराउँन चाहन्छु । त्यस अनुसार सरकारले अवलम्बन गर्ने कर नीति निम्न उद्देश्यहरुबाट निर्देशित हुनेछ ।

१. न्यून आय भएका जनतालाई करको मारबाट जोगाउने,
२. राजश्व परिचालनमा प्रत्यक्ष करको योगदान बढाउने,
३. प्रत्यक्ष तथा अप्रत्यक्ष कर दुबैको दायरा फराकिलो पारी न्यून करका दरबाट अधिकतम राजश्व परिचालन गर्ने,
४. आधारभूत स्थानीय उद्योगहरु फष्टाउन पाउने गरी अप्रत्यक्ष करका दरहरु निर्धारण गर्ने,
५. बचत र लगानी प्रोत्साहित हुने गरी प्रत्यक्ष करका दरहरु निर्धारण गर्ने,
६. कर सम्बन्धी कानून र नियमहरुको कडाई र निश्पक्षतापूर्वक कार्यान्वयन गर्ने,
७. राजश्व संकलन प्रक्रियालाई पारदर्शक र कम झण्झटिलो बनाउँदै यस क्षेत्रमा हुन सक्ने अनियमिततालाई समाप्त गर्ने,
८. कर प्रशासनलाई व्यवसायिक दक्षता विकास गर्न प्रोत्साहित गर्ने ।

८७ हाम्रो कर व्यवस्थामा रहेका विसंगतिहरु छोटो समयमा तथा आर्थिक बर्षको बीचमा तयार गरिएको बजेटको माध्यमबाट हटाउन सम्भव छैन । कर नीतिलाई माथि उल्लेखित दिशातर्फ डाऱ्याउन यस बजेटमा प्रयास मात्र हुन सकेको व्यहोरा म यस सदनलाई जानकारी गराउन चाहन्छु ।

८८ हाम्रो देश समग्रमा गरीब र पिछडिएको भए तापनि विगत धेरै बर्षदेखि सरकारी तथा निजीक्षेत्रबाट ठूलो मात्रामा लगानी भई समाजका सीमित वर्गमा आयका स्रोतको निर्माण तथा सम्पत्ति संचय भएको छ। हाम्रो कर राजशव अप्रत्यक्ष कर माथि अत्याधिक मात्रामा निर्भर हुनु र प्रत्यक्ष करहरुबाट नगण्य मात्रामा राजशव परिचालन हुनु यसको ज्वलन्त उदाहरण हो । यस्तो कर नीति न्यायोचित र बैज्ञानिक नहुने हुनाले श्री ५ को सरकार विद्यमान अवैज्ञानिक कर प्रणालीमा सुधार र परिवर्तन गर्न चाहन्छ ।

८९ नेपालले हालसम्म अपनाई आएको कर नीतिले देश भित्र उद्योग, व्यापार तथा व्यवसायको विकास र विस्तार गर्ने तर्फ सकरात्मक भूमिका खेल्न सकेको छैन । यसैले राष्ट्रिय उद्योग, व्यापार तथा व्यवसायमा करको भार कम गर्ने तथा आयातमा केही बढी करहरु लगाउने नीतिको अवलम्बन गर्ने तर्फ मैले प्रयास गरेको छु । साथै समाजका निम्न बर्गीय जनताले उपभोग गर्ने वस्तु तथा सेवामा करको कम गर्ने तर्फ पनि करका दरहरुमा परिवर्तन गर्दा मैले ध्यान पुऱ्याएको छु । आगामी आर्थिक बर्षको लागि बजेट तर्जुमा गर्दा लगानी बृद्धि हुने, आय तथा रोजगारीको अवसर बढ्ने, राष्ट्रिय उद्योग, व्यापार तथा व्यवसाय विस्तार भै देश आत्मनिर्भरता तर्फ उन्मुख हुने र विपन्न वर्गले थप राहत पाउने गरी कर प्रणालीलाई पुनसंरचना गर्ने ढंगले करको प्रस्ताव गरिने कुरा म माननीय सांसदहरुलाई अवगत गराउन चाहन्छु ।

**सभामुख महोदय,**

९० म अब प्रत्यक्ष कर सम्बन्धी प्रस्ताव पेश गर्दछु ।

९१ आन्तरिक राजश्व परिचालनमा प्रत्यक्ष करको समानुपातिक महत्व क्रमिकरुप्मा बढाउँदै लाने हाम्रो प्रतिवद्धता अनुरुप प्रत्यक्ष करको संरचनामा केही हेरफेर गरेको छु । आर्थिक बर्षको मध्ये भागमा कर प्रणालीमा हेरफेर गर्दा कानूनी, प्रशासनीक तथा सामाजिक न्यायको दृष्टिले समेत अनेकन जटिलता सृजना हुने भएकोले सकेसम्म त्यस्ता पक्षहरु संलग्न नहुने गरी कर परिवर्तनको प्रस्ताव गरेको छु । आयकरतर्फ हाल बचत निक्षेपमा आर्जन हुने रु.७००।– सम्मको ब्याज भुक्तानी गर्दा पुरै रकममा अग्रिम ब्याज कर कट्टा गर्ने गरिएको छ । यसो गर्दा साना बचत कर्ताहरुलाई मर्का परिरहेको र वाणिज्य बैकहरुलाई पनि लेखा संचालनमा बढी बोझ परिरहेकोले बचत खाताबाट ब्याज भुक्तानी गर्दा बार्षिक ब्याज रु.एक हजार सम्ममा ब्याज कर अग्रिम रुपमा कट्टा गर्नु नपर्ने व्यवस्था गरेको छु ।

९२ प्रश्न पत्र तयार गर्ने र उत्तर पुस्तिका जाँच गरे वापतको भुक्तानीमा अग्रिम आयकर कट्टी गर्ने व्यवस्था रहेकोमा अध्ययन, अध्यापन गर्ने जस्तो पवित्र पेशमा संलग्न व्यक्तिहरुले कडा मेहनत पश्चात पाउने सीमित आयमा यसरी कट्टा गर्नु न्यायोचित नभएकोले प्रश्न पत्र तयार गर्ने र उत्तर पुस्तिका जाँच गरे वापत भुक्तानी हुने रकममा अग्रिम आयकर कट्टी नगर्ने व्यवस्था गरेको छु ।

९३ नेपालका राष्ट्र भाषाहरुका फिल्म वित्तरकहरुलाई तुलनात्मक रुपमा प्रतिस्पर्धा गर्न सघाउ पुऱ्याउने उद्देश्यले विदेशी फिल्म वित्तरकहरुलाई दिइने भुक्तानीमा ५ प्रतिशतका दरले अग्रिम आयकर कट्टी गर्दै आएकोमा सो दर बृद्धि गरी १० प्रतिशत कायम गरेको छु।

९४ आयकर प्रणालीमा सुधार गरी राजश्व परिचालन बृद्धि गर्न कर ऐन र कर प्रशासन दुबैमा सुधार हुनु आवश्यक हुन्छ । आयकर ऐन र यस अन्तर्गतको स्वयंकर निर्धारण प्रक्रिया प्रति करदाताहरुको केही गुनासो रहेको पाइएको छ । त्यसैले स्वेच्छाले कर तिर्ने अनुकूल वातावरण सृजना गर्न करदाताहरुको गुनासो र त्यसको औचित्य समेतलाई अध्ययन र मूल्याङ्कन गर्न छिट्टै एक कार्यदल गठन गरिनेछ । त्यस कार्यदलले आयकर प्रणालीलाई सरल, पारदर्शी र बैज्ञानीक बनाउन के कस्ता सुधार र परिवर्तनहरु गर्नु पर्दछ सो बारे कर दाताहरुको समेत राय लिई सुझाव तयार गर्ने छ । त्यस अनुरुप आयकर नियमावली समेत तर्जुमा गरी आगामी बजेट मार्फत आयकर प्रणालीमा सुधार गरिनेछ । तत्काललाई हालको कर प्रणालीमा सरलीकरण गरी राजशव संकलन गरिनेछ ।

९५ करदाता र कर कार्यालयहरु बीचको विवादको कारणले कर निर्धारण भई सकेपछि पनि कर असुल हुन नसकी राजश्व बक्यौता रकम बढ्दै गइरहेबाट एकातिर सरकारलाई राजश्व प्राप्त हुन सकिरहेको छैन भने अर्कोतिर करदाताहरु करका पुरानै फायलहरुमा अल्झिरहनु परेको छ । यो स्थितिलाई निवारण गर्नको निमित्त एक उच्चस्तरीय कर फछ्र्यौट आयोग गठन गरिनेछ ।

९६ आयकर तिर्ने दायित्व भएका तर हालसम्म करको दायरा भित्र नपरेका विभिन्न पेशा तथा व्यवसायमा संलग्न व्यक्तिहरुको संख्या उल्लेखनीय रहेको अनुमान गरिएको छ । यस्ता व्यक्तिहरु करको दायरा भन्दा बाहिर रहँदा राजश्व परिचालनको निमित्त एकातिर अप्रत्यक्ष करहरुको बोझ बढाउनु परेको छ भने अर्कोतिर विकास खर्चको विदेशी सहायता माथिको निर्भरता बढ्दै गएको छ । यी दुबै पक्षबाट अर्थतन्त्रमा प्रतिकूल असर पर्ने भएकोले प्रत्यक्ष करको समानुपातिक महत्व बढाउँदै लगिने उद्देश्य राखिएको हो । यसको निमित्त आयकर तिर्ने दायित्व भएका तर हालसम्म करको दायरा बाहिर रहेका व्यक्तिहरुलाई करको दायरा भित्र ल्याउन प्रभावकारी प्रशासनिक कदम चालिने छ । साथै कर निर्धारण प्रकृयामा तदारुकता ल्याई त्यसमा हुन सक्ने अनियमितता नियन्त्रण गर्न दरो कदम चालिने छ ।

९७ आर्थिक अध्यादेश २०५१ ले लागु गरेका आयकर सम्बन्धी परिवर्तन र माथि उल्लेख यस कर अन्तर्गतका परिवर्तनका साथै प्रशासनिक कदमहरुद्वारा समेत आयकरबाट थप रु.३६ करोड ५० लाख राजश्व परिचालन हुने अनुमान गरिएको छ ।

९८ सम्पत्ती कर जस्तो गम्भिर र जटिल करको सम्बन्धमा व्यापक अध्ययन र मूल्याङ्कन नगरी हचुवा रुपमा हेरफेर गर्नु उचित नहुने भएकोले हाललाई यस करको वर्तमान स्वरुपलाई यथावत राखिएको छ ।

shilapatra.com

९९ मालपोततर्फ हालसम्म मालपोत दरको संरचनामा प्रगतिशीलताको मात्रा न्यून भएकोले साना र मध्यम स्तरका जग्गा धनीहरुलाई मालपोतको दरबाट मर्का परिहेको थियो । लामो समय सम अपरिवर्तित अवस्थामा रहेका मालपोतका दरहरु आर्थिक बर्ष २०५०।५१ मा बृद्धि गरिए यता मालपोतका दरहरुमा जटिलता र असन्तुलन आउनुका साथै जग्गा धनीहरुबाट समेत विभिन्न गुनासाहरु आई रहेका छन् । त्यसको निवारणको निमित्त मालपोतका दरहरु घटाई यी दरहरुको संरचनामा केही हेरफेर गरेको छु ।

१०० हालसम्म तराई र पहाडी क्षेत्रमा क्रमशः डेढ विगाहा र २० रोपनी सम्म जमिन हुने एक समूह र सो भन्दा बढी जमिन हुने अर्को समूह गरी दुई समुहका आधारमा मालपोतका दरहरु कायम भएकोमा अब उप्रान्त तराईमा ३ विगाहा सम्म र पहाडमा ४० रोपनी सम्म जग्गा हुने अर्को समूह छुट्याई तराई डेढ विगाहा सम्म, ३ विगाहा सम्म र ३ विगाहा भन्दा बढी जमिन हुने जग्गा धनीहरुको ३ समूह कायम गरी त्यही अनुरुप अलग अलग दरहरु कायम गरी मालपोत दरहरुलाई प्रगतिशील बनाइएको छ । त्यसै गरी पहाडतर्फ पनि २० रोपनी सम्म, ४० रोपनी सम्म र ४० रोपनी भन्दा बढी जमिन हुने जग्गाधनीहरुको ३ समूह कायम गरी त्यही अनुरुप मालपोतका दरहरु कायम गरेको छु । यस अनुसार तराईमा डेढ विगाहा सम्मको जमिनमा अबलमा प्रति विगाहा ६ रुपैया ८० पैसा, दोयममा प्रति विगाहा ६ रुपैया, सिममा प्रति विगाहा ४ रुपैया ८० पैसा र चाहारमा प्रति विगाहा ३ रुपैया ६० पैसाको मालपोत दर कायम गरेको छु । तराई क्षेत्रमा ३ विगाहासम्मको जमिनमा अबलमा प्रति विगाहा ८ रुपैया ४० पैसा, दोयममा प्रति विगाहा ६ रुपैया ८० पैसा, सिममा ५ रुपैया र चाहारमा प्रति विगाहा ४ रुपैयाको मालपोत दर कायम गरेको छु । यसै गरी तराईमा ३ विगाहा भन्दा बढीको जमिनमा अबलमा प्रति विगाहा ७० रुपैया, दोयमा प्रति विगाहा ६२ रुपैया, सिममा प्रति विगाहा ५० रुपैया र चाहारमा प्रति विगाहा ३० रुपैयाको मालपोत दर कायम गरेको छु ।

१०१ पहाडी क्षेत्रको खेत र धनहरको २० रोपनी सम्मको जमिनमा अबल प्रति रोपनी ५० पैसा, दोयमा प्रति रोपनी ३८ पैसा, सिममा प्रति रोपनी २५ पैसा र चाहारमा प्रति रोपनी २० पैसाको मालपोत दर कायम गरेको छु । यसै गरी खेत र धनहरको ४० रोपनी सम्मको जमिनमा अवलमा प्रति रोपनी ६२ पैसा, दोयममा प्रति रोपनी ४० पैसा, सिममा प्रति रोपनी ३७ पैसा र चाहारमा प्रति रोपनी २५ पैसाको मालपोत दर कायम गरेको छु । पहाडमा खेत धनहर ४० रोपनी भन्दा बढीको जमिनमा सिममा प्रति रोपनी ४ रुपैया ४० पैसा, दोयममा प्रति रोपनी ३ रुपैया १० पैसा, सिममा प्रति रोपनी १ रुपैया ८० पैसा र चाहारमा प्रति रोपनी १ रुपैया ८० पैसाको मालपोत दर कायम गरेको छु । त्यसै अनुरुप पहाडी क्षेत्रको पाखो भीर जमिनको मालपोत दर पनि निर्धारण गरिएको छ। यस बर्षको मालपोत चुक्ता गरी सकेको जग्गावालाहरुको बढी भुक्तानी भएको मालपोत आगामी बर्ष समायोजन गरिनेछ ।

१०२ मालपोत तथा भूमि करबाट असूल भएको राजश्व मध्ये ५ प्रतिशत श्री ५ को सरकारको संचित कोषमा, ५५ प्रतिशत सम्बन्धीत जिल्ला विकास समितिमा र बाँकी ४० प्रतिशत सम्बन्धित गाउँ विकास समितिमा विभाजित हुने छ । गाउँ विकास समितिमा मालपोतबाट जाने सम्पूर्ण रकम शिक्षा क्षेत्रको बिकासमा खर्च गर्नुपर्नेछ ।

१०३ नेपाल अधिराज्य भर तराई क्षेत्रमा ३ विगाहा र पहाडी क्षेत्रमा ४० रोपनी भन्दा कम जग्गा हुने प्रत्यके जग्गावालालाई बाँकी मालपोत २०५२ असार मसान्त सम्ममा चुक्ता गरेमा आर्थिक बर्ष २०४६।४७ सम्मको बक्यौता मालपोत र त्यस्मा लागेको जरिवाना मिन्हा दिने व्यवस्था गरेको छु ।

१०४ आर्थिक अध्यादेश २०५१ र माथि उल्लेख गरिएको मालपोत दर परिवर्तनबाट रु.३ करोड राजश्व कम हुन जाने अनुमान गरिएको छ ।

**समाभुख महोदय,**

१०५ म अब अप्रत्इा कर सम्बन्धी प्रस्ताव पेश गर्न अनुमति चाहन्छु । भन्सार तर्फ हालको दरबन्दी व्यवस्थाबाट आन्तरिक उत्पादन तथा आपूर्ति स्थितिमा परेको प्रतिकूल प्रभाव र दरबन्दीहरुमा रहेका असंगतिहरुलाई सचयाउने दृष्टिले मात्र केही हेरफेर गरेको छु । यस अनुरुप कच्चा पदार्थको रुपमा प्रयोग हुने मिनरल टर्पेन्टाइन आयल र अल्काई र रेजिन्सको पैठारीमा लाग्ने पैठारी महसूल घटाई १० प्रतिशत कायम गरेको छु । हाल बनस्पति ध्यू र तेलमा पैठारी महशूलदर फरक भएकोमा यी दुबै वस्तुको पैठारीमा २० प्रतिशतको समान महसूल दर कायम गरेको छु । स्वदेशी उद्योगहरुले आयात गर्ने मुख्य कच्चा पदार्थमा उद्योगको प्रकृति हेरी त्यसको तयारी वस्तुमा लाग्ने पैठारी महसूल भन्दा कम महसूल लाग्ने व्यवस्था मिलाएको छु ।

१०६ स्थानीय कच्चा पदार्थ उपयोग गरी रोजगारीका अवसर समेत सृजना गर्ने स्वदेशी इटा तथा टायल उद्योगको सम्बर्धनको निमित्त ईटा तथा टायलको पैठारी महसूल बृद्धि गरेको छु ।

१०७ नेपालमा हाल धेरै लगानी भई आन्तरिक माग पूर्ति गर्ने क्षमता हासिल गरेका उद्योगहरुमा साबुन उद्योग पनि एक हो । तर आयातित साबुनहरुको आपूतिबाट यी उद्योगहरुको उत्पादनमा प्रतिकूल प्रभाव परेको देखिएकोले आयातित साबुन, डिटर्जेन्ट पाउण्डर र फ्मोल साबुनमा पैठारी महसूल बृद्धि गरेको छ ।

१०८ कृत्रिम रेशाबाट निर्मित कपडामा लाग्ने महसूल दर बढी र त्यस्तै प्रयोजनको सुती र सुती मिश्रित कपडामा लाग्ने महसूल दर कम हुन गै विसंगति उत्पन्न भइरहेको हुँदा निम्न वर्गका जनताले प्रयोग गर्ने सुतीका धोती, गम्छा, लुङ्ग, साधारण खद्दर तथा सुती मिश्रित कपडा र कृत्रिम रेशाबाट निर्मित कपडामा समान पैठारी महसूल दर कायम गरेको छ । यसबाट स्वदेशी कपडा उद्योगलाई प्रोत्साहन हुने आशा राखेको छ ।

१०९ लोकप्रिय आधुनिक संचारको माध्यम टेलिभिजन मध्ये जनसाधारणले उपयोग गर्ने श्यामश्वेत टेलिभिजन उत्पादन गर्ने उद्योगले प्रयोग गर्ने ट्युवको पैठारीमा महशूल घटाई १० प्रतिशत कायम गरेको छ ।

११० कृषि तथा पशुपालन उद्योगलाई प्रोत्साहन पुऱ्याउने उद्देश्यले प्रशोधित सुकेको लसुन आयातमा ५ प्रतिशत पैठारी महसूल लगाउने प्रस्ताव गरेको छ । त्यसै गरी कुखुरापालन व्यवसायलाई प्रात्साहन गर्ने उद्देश्यले कुखुराको फुल राख्ने क्रेटको आयातमा लागि आएको पैठारी महसूल तथा बिक्रीकर दुबै खारेज गरेको छ ।

१११ नेपाली महिलाहरुको सौभाग्यको प्रतिकाको रुपमा रहेको सिन्दुर, चुरा, टिका र टिकुलीमा लागि आएको भन्सार महसूल खारेज गरेको छ ।

११२ स्वदेशमै विलेट उत्पादन गर्ने उद्योगले पैठारी गर्ने स्क्रयापमा लाग्ने महसूलमा ८० प्रतिशत छुट दिएकोछ ।

११३ स्वदेशी मसी उद्योगको प्रवर्द्धनको निमित्त यस्ता उद्योगले पैठारी गर्ने ६० मिलिलिटर सममका मसीका शिशिको पैठारीमा लागि आएको पैठारी महसूल केही घटाएको छ ।

११४ निकासी प्रवर्द्धनलाई विशेष प्रोत्साहन गर्ने उद्देश्यले हाल लागि आएको २ प्रतिशत निकासी सेवा शुल्कमा २५ प्रतिशत कटौती गरी १.५ प्रतिशत कायम गरेको छ । यसबाट हाम्रो प्रतिस्पर्धात्मक क्षमतामा केही अनुकूल प्रभाव पर्ने विश्वास लिएको छ ।

११५ माथि उल्लेख गरे बमोजिम परिवर्तन गरिएका भन्सारका दरहरु आजैका मिति देखि लागु हुने छन् ।

११६ आर्थिक अध्यादेश,२०५१ बमोजिम लागु भएका भन्सारका दरहरु र माथि उल्लेखित परिवर्तनका साथै प्रशासनिक सुदृढीकरणको फलस्वरुप भन्सार स्रोतबाट थप रु.२५ करोड राजश्व परिचालन हुने अनुमान गरेको छ ।

११७ विक्री करतर्फ हाल आन्तरिक उत्पादनका १४ वस्तुहरुमा दुई तहमा विक्रीकर लाग्ने गरेको छ । मूल्य अभिबृद्धि करको रुपमा रुपान्तरित गर्ने उद्देश्यले यो दुई तहको विक्रीकर व्यवस्था लागु गरिएकोमा मूल्य अभिबृद्धि करको बारेमा थप अध्ययन गर्नुपर्ने भएकोले र दुई तहको विक्रीकर कार्यक्रम सँगसँगै अगाडि बढाउँदा यी दुई बीच सामन्जस्यता स्थापित गर्न कठिन हुने हुनाले दुई तहमा विक्रीकर लगाउने व्यवस्था खारेज गरेको छ । यसबाट राजशव प्रतिकूल असर पर्न नदिन यी १४ वस्तुको सम्बन्धमा छुट्टै व्यवस्था गरेको छ ।

११८ हाम्रो परम्परागत घरेलु उद्योगको धरोहरको रुपमा रहेका र हाम्रो संस्कृति भ्फल्काउने आफ्नै विशिष्ट शैलीका तामा तथा पित्तलका भाँडा बर्तन उत्पादन गर्न उद्योगहरुको सम्बर्द्धनको निमित्त यस्ता भाँडा वर्तनको आन्तरिक उत्पादनमा लागि आएको विक्रीकर खारेज गर्नुका साथै यस्ता उद्योगको निमित्त पैठारी हुने तामा र पित्तलका पाता, ढिक्का र पत्रु समेतमा लागि आएको विक्रीकर पनि खारेज गरेको छ ।

११९ स्थानीय कच्चा पदार्थमा आधारित र रोजगारीका अवसरहरु सृजना गर्नुका साथै जन साधारणलाई निर्माणको सस्तो सामग्री समेत उपलब्ध गराउने ईटा तथा टायल उद्योग जस्ता आधारभूत उद्योगहरुको सम्बर्द्धन गर्न आवश्यक हुन्छ । यस्ता उत्पादनबाट सरल रुपमा राजश्व परिचालन गर्न इटा टायल उत्पादनमा हाल लागि आएको विक्रीकर व्यवस्थामा संशोधन गरी उद्योगको उत्पादन क्षमताको आधारमा एक मुष्ट रुपमा शुल्क लगाउने व्यवस्था गरेको छ । यसबाट उद्योग तथा कर प्रशासनमा परिरहेको भ्फमेला हटनुको साथै राजश्वमा पनि अनुकूल प्रभाव पर्ने विश्वास लिएको छ । माथि कायम गरिएका विक्रीकरका दरहरु आजैका मिति देखि लागु हुने छन् ।

१२० आर्थिक अध्यादेश, २०५१ द्वारा लागु गरिएका र माथि उल्लेख गरेका विक्रीकरका दर सम्बन्धी परिवर्तनका साथै प्रशासनिक सुधारहरुको परिणाम स्वरुप यस करबाट थप रु.१६ करोड राजश्व परिचालन हुने अनुमान गरिएको छ ।

१२१ माथि उल्लेखित करहरु र अन्य प्रचलित करहरुका सम्बन्धमा आर्थिक अध्यादेश, २०५१ मार्फत भएका व्यवस्थाहरु मध्ये यस बजेट मार्फत भएका परिवर्तनहरु यसै बमोजिम र बाँकी व्यवस्थाहरु पूर्ववत नै प्रभावकारी रहनेछन् ।

१२२ माथि उल्लेखित करहरुका अतिरिक्त, सरकारी संस्थानहरु सँग लिन बाँकी रहेको साँवा, ब्याज र लाँभाशको समेत हिसाब अद्यावधिक गराई असुल उपर गरी थप राजश्व संचालन गरिनेछ । साथै अधिराज्यका विभिन्न जंगल कटान गरी उपयोग नभै सडीरहेका काठको विक्री वितरणबाट समेत थप राजश्व परिचालन गरिने छ ।

१२३ उपरोक्त बमोजिम न्यून पूर्ति गर्न कर परिवर्तन तथा प्रशासनिक सुधारबाट रु.१ अरब १४ करोड पूर्ति हुने भई बाँकी रु.१ अरब ९० करोड खूद न्यून हुन जाने अनुमानित रकम मध्ये गैर बैकिङ्ग क्षेत्रबाट रु.६० करोड, बैकिङ्ग क्षेत्रबाट रु.१ अरब ३० करोड आन्तरिक ऋण उठाई पूर्ति गरिने छ। मुद्रा प्रदायलाई वाञ्छित स्तरमा कायम राखी मूल्य तथा शोधनान्तर स्थितिमा प्राप्त गर्ने दिशामा यस स्तरको बजेट घाटाले प्रतिकूल प्रभाव नपार्ने विश्वास मैले लिएको छु ।

१२४ गत आर्थिक बर्षमा प्रत्येक मन्त्रालयलाई छुट्याइएको खर्च रकम अनुसार लक्ष्य हासिल भयो भएन त्यसको विवरण साथै पेश गरेको छु ।

१२५ आर्थिक बर्षको मध्य भागमा सत्ता सम्हालेको ने.क.पा.(एमाले) को सरकारले चालू बर्षको बाँकी अवधिमा अवलम्बन र कार्यान्वयन गर्नको निमित्त यस बजेट मार्फत प्रस्ताव गरेको नीति तथा कार्यक्रममा पार्टीले व्यक्त गरेका सम्पूर्ण प्रतिवद्वताहरु झल्कन सकेका छैनन् । तथापि ने.क.पा.(एमालें) को सरकारले राष्ट्रोत्थानको लागि अपनाउने अल्पकालीन र दीर्घकालीन केही अवधारणाहरुको झलक यस बजेटले दिने कुरामा म विश्वस्त छु । हामी गाउँलाई राष्ट्रको सर्वाङ्गीण विकासको केन्द्र विन्दु बनाउन चाहन्छौ, समाजका विपन्न र कमजोर वर्गको उत्थानमा ध्यान केन्द्रीत गर्न चाहन्छौ, राष्ट्रिय हित सम्वर्द्वन गर्दै आर्थिक सुधारका कार्यक्रमलाई अधिकतम सदुपयोग गर्न चाहन्छौं । आन्तरिक र वाह्य स्रोतबाट परिचालन हुने साधनको अधिकतम सदुपयोग गर्न चाहन्छौ, सार्वजनिक क्षेत्रमा हुने आर्थिक अनियमितता र योजना कार्यान्वयनमा हुने ढिलाई समाप्त गर्न चाहन्छौ र समाजमा उच्च मानवीय मूल्य र मान्यता स्थापित गर्न चाहन्छौ । यिनै आदर्शहरुबाट प्रेरित भै इमान्दरितापूर्व्क कार्यक्षेत्रमा जुटेमा राष्ट्रले सर्वाङ्गीण विकासको अभियानमा अग्रगति लिन सक्ने कुरामा हामी विश्वस्त छौं । राष्ट्रोत्यानको गम्भीर र चुनौतीपूर्ण कार्यमा इमान्दारितपूर्वक लाग्ने हाम्रो अठोट प्रति सबैको सहयोग र सक्रिय सहभागिता रहने छ भन्ने विश्वास छ ।

सम्मानीय सभामुख महोदय,

अन्तमा नेपालको विकासमा निरन्तर सहयोग प्रदान गर्ने मित्र राष्ट्र तथा अन्तराष्ट्रिय संघ संस्था प्रति म हार्दिक आभार प्रकट गर्दछु ।

अनुसूची १

आय व्ययको विवरण

रु. हजारमा

| विवरण | आ.ब. ०४९।५० को यथार्थ | आ.ब. ०५०।५१ को संशोधित अनुमान | आ.ब. ०५१।५२ को अनुमान |
|---|---|---|---|
| कूल खर्च | ३०,८९७,७१३ | ३४,०४२,१९० | ४२,६९०,६११ |
| साधारण तर्फ | ११,४८४,१४० | १२,५५९,७०५ | १९,७८९,८२२ |
| विकास तर्फ | १९,४१३,५७३ | २१,४८२,४८५ | २२,९००,७८९ |
| खर्च व्यहोर्ने श्रोतहरु | १८,९४१,६९८ | २३,२५६,३९२ | २९,४५४,३३८ |
| राजश्व | १५,१४८,४२० | १९,५८०,५०० | २४,९९१,९०८ |
| राजश्वको वर्तमान श्रोतबाट | | | २३,८५१,९०८ |
| कर परिवर्तन तथा प्रशासनिक सुधारबाट | | | १,१४०,००० |
| बैदेशिक सहायता (अनुदान) | ३,७९३,२७८ | ३,६७५,८९२ | ४,४६२,४३० |
| द्विपक्षीय | २,८३५,३०८ | २,७००,०८३ | ३,६८४,५१४ |
| बहुपक्षीय | ९५७,९७० | ९७५,८०९ | ७७७,९१६ |
| बचत (+) न्यून (–) | -११,९५६,०१५ | -१०,७८५,७९८ | -१३,२३६,२७३ |
| न्यून पूर्ति गर्ने श्रोतहरु | | | |
| विदेशी सहायता (ऋण) | ६,९२०,९२६ | ९,५१८,३७६ | ११,२३६,२७३ |
| द्विपक्षीय | १,३०७,५६४ | १,५७८,४७८ | २९९,७८५ |
| बहुपक्षीय | ५,६१३,३६२ | ७,९३९,८९८ | ११,०३६,४८८ |
| आन्तरिक ऋण | १,६२०,००० | १,८२०,००० | १९,०००,००० |
| बैकिङ्ग क्षेत्र | ९२०,००० | १,०००,००० | १३,०००,००० |
| गैर बैकिङ्ग क्षेत्र | ७००,००० | ८२०,००० | ६,०००,००० |
| नगद मौज्दातमा परिवर्तन (– बचत) | ३,४१५,०८९ | -४३७,९४३ | |

राजश्व अनुमान

आर्थिक बर्ष २०५१/५२

अनुसूची २

रु.हजारमा

| संकेत संख्या | शीर्षक | वर्तमान श्रोतबाट | कर परिवर्तन र प्रशासनिक सुधारबाट | जम्मा |
|---|---|---|---|---|
| १.१.१.० | बैदेशिक ब्यापारमा आधारित वस्तुगत कर | ६,४१५,००० | २५०,००० | ६,६६५,००० |
| १.१.१.१० | पैठारीबाट | ५,२००,००० | ३००,००० | ५,५००,००० |
| १.१.१.२० | समिकारक महसुल | ५०,००० | ० | ५०,००० |
| १.१.१.३० | भारतीय अन्तःशुल्क फिर्ता | ७५०,००० | ० | ७५०,००० |
| १.१.१.४० | निकासी महसुल | ५०,००० | ० | ५०,००० |
| १.१.१.५० | निकासी सेवा शुल्क | ३५०,००० | -५०,००० | ३००,००० |
| १.१.१.६० | भन्सारको अन्य आय | १५,००० | ० | १५,००० |
| १.१.२.० | वस्तु तथा सेवामा आधारित आन्तरिक वस्तुगत | ८,५५८,००० | १८०,००० | ८,७३८,००० |
| १.१.२.१० | विक्री कर | ५,७०५,००० | १६०,००० | ५,८६५,००० |
| १.१.२.११ | उत्पादन | १,३५५,००० | ४०,००० | १,३९५,००० |
| १.१.२.१२ | पैठारी | ३,७९०,००० | १२०,००० | ३,९१०,००० |
| १.१.२.१३ | विक्री वितरण | २६०,००० | ० | २६०,००० |
| १.१.२.१४ | सेवामूलक संस्था | ३००,००० | ० | ३००,००० |
| १.१.२.२० | अन्तःशुल्क | १,७४७,००० | -१५,००० | १,७३२,००० |
| १.१.२.२१ | चुरोट | ७५५,००० | ० | ७५५,००० |
| १.१.२.२२ | विडी | १५,००० | ० | १५,००० |
| १.१.२.२३ | उच्चकोटीको मदिरा | २७७,००० | ० | २७७,००० |
| १.१.२.२४ | निम्न कोटीको मदिरा | २२०,००० | ० | २२०,००० |
| १.१.२.२५ | वियर | ३६०,००० | ० | ३६०,००० |
| १.१.२.२६ | अन्य औद्योगिक उत्पादन | १२०,००० | -१५,००० | १०५,००० |
| १.१.२.३० | ठेक्का कर | ४५०,००० | ० | ४५०,००० |
| १.१.२.४० | मनोरञ्जन कर | ७०,००० | -२,५०० | ६७,५०० |
| १.१.२.५० | सवारी साधन कर | ५१,००० | ४२,५०० | ९३,५०० |
| १.१.२.६० | होटेल कर | २५०,००० | -५,००० | २४५,००० |
| १.१.२.७० | हवाइ उडान कर | २८५,००० | ० | २८५,००० |
| १.१.२.७१ | आन्तरिक हवाई उडान कर | ३७,५०० | ० | ३७,५०० |
| १.१.२.७२ | वाह्य हवाई उडान कर | २४७,५०० | ० | २४७,५०० |
| | अप्रत्यक्ष कर जम्मा | १४,९७३,००० | ४३०,००० | १५,४०३,००० |
| १.१.३.० | आयकर | २,८९५,००० | ३६५,००० | ३,२६०,००० |
| १.१.३.१० | संस्थागत आय कर | १,०८०,००० | २३०,००० | १,३१०,००० |
| १.१.३.११ | सरकारी प्रतिष्ठानहरु | ५००,००० | ० | ५००,००० |

| | | | | |
|---|---|---|---|---|
| १.१.३.१२ | पब्लिक लिमिटेड कम्पनीहरु | २००,००० | १०,००० | २१०,००० |
| १.१.३.१३ | प्राइभेट लिमिटेड कम्पनीहरु | ३८०,००० | २२०,००० | ६००,००० |
| १.१.३.२० | व्यक्तिगत आय कर | १,६२०,००० | १४०,००० | १,७६०,००० |
| १.१.३.२१ | पारिश्रमिक | १५०,००० | २०,००० | १७०,००० |
| १.१.३.२२ | उद्योग, व्यापा, पेशा तथा व्यवसाय | १,४७०,००० | १२०,००० | १,५९०,००० |
| १.१.३.३० | घर जग्गा बहाल कर | ७०,००० | २०,००० | ९०,००० |
| १.१.३.४० | ब्याज कर | १२५,००० | -२५,००० | १००,००० |
| १.१.४.०० | घर जग्गा तथा अन्य सम्पत्तिमा लाग्ने कर | ९५९,००० | -३०,००० | ९२९,००० |
| १.१.४.१० | मालपोत | ६४,००० | -३०,००० | ३४,००० |
| १.१.४.२० | भूमिकर | ७०,००० | ० | ७०,००० |
| १.१.४.३० | घर जग्गा रजिष्ट्रेशन | ८००,००० | ० | ८००,००० |
| १.१.४.४० | घर जग्गा कर | २५,००० | ० | २५,००० |
| | प्रत्यक्ष कर | ३,८५४,००० | ३३५,००० | ४,१८९,००० |
| | कर राजश्व जम्मा | १८,८२७,००० | ७६५,००० | १९,५९२,००० |
| १.१.५.०० | दस्तुर तथा शुल्क | ७१२,००० | ० | ७१२,००० |
| १.१.५.१० | फर्म रजिष्ट्रेशन दस्तुर | ५०,००० | ० | ५०,००० |
| १.१.५.२० | एजेन्सी रजिष्ट्रशन दस्तुर | १,२०० | ० | १,२०० |
| १.१.५.३० | हात हतियार रजिष्ट्रेशन दस्तुर | ३,००० | ० | ३,००० |
| १.१.५.४० | सवारी इजाजत दस्तुर | ६०,००० | ० | ६०,००० |
| १.१.५.५० | निकासी पैठारी इजाजत दस्तुर | १०,००० | ० | १०,००० |
| १.१.५.६० | परीक्षा दस्तुर | ७,५०० | ० | ७,५०० |
| १.१.५.७० | पासपोर्ट दस्तुर | ३००,००० | ० | ३००,००० |
| १.१.५.८० | पर्यटन शुल्क | २६०,३०० | ० | २६०,३०० |
| १.१.५.८१ | भिसा शुल्क | १७६,८०० | ० | १७६,८०० |
| १.१.५.८२ | पर्वतारोहण तथा ट्रेकिङ्ग शुल्क | ८०,००० | ० | ८०,००० |
| १.१.५.८३ | अन्य शुल्क | ३,५०० | ० | ३,५०० |
| १.१.५.९० | अन्य प्रशासनिक दस्तुर | २०,००० | ० | २०,००० |
| १.१.६.०० | दण्ड,जरिवाना र जफत | ५७,५०० | ० | ५७,५०० |
| १.१.६.१० | न्यायिक शुल्क, दण्ड जरिवाना तथा जफत | ४७,५०० | ० | ४७,५०० |
| १.१.६.२० | प्रशासनिक दस्तुर, दण्ड जरिवाना तथा जफत | १०,००० | ० | १०,००० |
| १.१.७.०० | सरकारी सम्पत्त, सेवा तथा वस्तुहरुको विक्री तथा भाडाबाट प्राप्त आय | १,३६२,५०० | १९०,००० | १,१०२,५०० |
| १.१.७.१० | जलश्रोत क्षेत्रको आय | १८,००० | ९०,००० | १०८,००० |
| १.१.७.११ | पिउने पानी | १५,००० | ० | १५,००० |
| १.१.७.१२ | सिचाई | १,५०० | ० | १,५०० |
| १.१.७.१३ | विद्युत | १,५०० | ९०,००० | ९१,५०० |
| १.१.७.२० | हुलाक क्षेत्रको आय | २००,००० | ० | २००,००० |
| १.१.७.३० | खाद्य कषि क्षेत्रको आय | २०,००० | ० | २०,००० |
| १.१.७.४० | शिक्षा क्षेत्रको आय | ३४,५०० | ० | ३४,५०० |

| | | | | |
|---|---|---|---|---|
| १.१.७.५० | बन क्षेत्रको आय | ३६५,००० | १००,००० | ४६५,००० |
| १.१.७.६० | यातायात क्षेत्रको आय | २२५,००० | ० | २२५,००० |
| १.१.७.७० | सरकारी क्षेत्रको अन्य आय | ५०,००० | ० | ५०,००० |
| १.१.८.०० | लाभांस | १,०४८,८१० | ६०,००० | १,१०८,८१० |
| १.१.८.१० | वित्तीय प्रतिष्ठान | १,०००,००० | ५०,००० | १,०५०,००० |
| १.१.८.२० | व्यापारिक प्रतिष्ठान | ५,००० | ० | ५,००० |
| १.१.८.३० | औद्यागिक प्रतिष्ठान | १,००० | ० | १,००० |
| १.१.८.४० | सेवा मुलक प्रतिष्ठान | ४०,००० | १०,००० | ५०,००० |
| १.१.८.५० | अन्य | २,८१० | ० | २,८१० |
| १.१.९.०० | ब्याज | ७००,००० | ० | ७००,००० |
| १.१.९.१० | वित्तीय प्रतिष्ठान | १३०,००० | ० | १३०,००० |
| १.१.९.२० | व्यापारिक प्रतिष्ठान | १०,००० | ० | १०,००० |
| १.१.९.३० | औद्यागिक प्रतिष्ठान | ५०,००० | ० | ५०,००० |
| १.१.९.४० | सेवा मुलक प्रतिष्ठान | ५००,००० | ० | ५००,००० |
| १.१.९.५० | अन्य | १०,००० | ० | १०,००० |
| १.१.१०.०० | रोयल्टी र सरकारी सम्पत्ती विक्री | २२४,००० | ७५,००० | २९९,००० |
| १.१.१०.१० | रोयल्टी | ७९,००० | ० | ७९,००० |
| १.१.१०.११ | खानी रोयल्टी | १५,००० | ० | १५,००० |
| १.१.१०.१२ | जलश्रोत सम्बन्धी रोयल्टी | १,००० | ० | १,००० |
| १.१.१०.१३ | अन्य रोयल्टी | ६३,००० | ० | ६३,००० |
| १.१.१०.२० | विक्री | १४५,००० | ७५,००० | २२०,००० |
| १.१.१०.२१ | सरकारी घर जग्गा विक्री | १००,००० | ५०,००० | १५०,००० |
| १.१.१०.२२ | सरकारी सामान विक्री | ३०,००० | २०,००० | ५०,००० |
| १.१.१०.२३ | अन्य विक्री | १५,००० | ५,००० | २०,००० |
| १.१.११.०० | साँवा फिर्ता | ९००,००० | ० | ९००,००० |
| १.१.११.१० | वित्तीय प्रतिष्ठान | ५०,००० | ० | ५०,००० |
| १.१.११.२० | व्यापारिक प्रतिष्ठान | ४०,००० | ० | ४०,००० |
| १.१.११.३० | औद्यागिक प्रतिष्ठान | ४०,००० | ० | ४०,००० |
| १.१.११.४० | सेवा मुलक प्रतिष्ठान | ७६०,००० | ० | ७६०,००० |
| १.१.११.५० | अन्य | १०,००० | ० | १०,००० |
| १.१.१२.०० | दातव्य तथा उपहार र विविध आय | २०,१०० | ० | २०,१०० |
| १.१.१२.१० | दातव्य तथा उपहार | १०० | ० | १०० |
| १.१.१२.२० | विविध आय | २०,००० | ० | २०,००० |
| | गैह कर राजश्व जम्मा | ५,०२४,९१० | ३२५,००० | ५,३४९,९१० |
| | कूल राजश्व जम्मा | २३,८५१,९१० | १,०९०,००० | २४,९४१,९१० |

अनुसूची ३

## आर्थिक बर्ष २०५१।५२ को व्यय अनुमान

रु.हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | साधारण | विकास | जम्मा |
|---|---|---|---|---|---|
| १. संवैधानिक अंगहरु | १ | | २३१,५०० | ० | २३१,५०० |
| | १.१ | श्री ५ महाराजाधिराज तथा राज परिवार | ६०,४९७ | ० | ६०,४९७ |
| | १.२ | राजपरिषद् | ४,५७४ | ० | ४,५७४ |
| | १.३ | संसद | ६३,३९८ | ० | ६३,३९८ |
| | १.४ | सर्वोच्च अदालत | १६,०७० | ० | १६,०७० |
| | १.५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ४,८६२ | ० | ४,८६२ |
| | १.६ | महालेखा परिक्षकको विभाग | २३,७९० | ० | २३,७९० |
| | १.७ | लोक सेवा आयोग | २६,०७९ | ० | २६,०७९ |
| | १.८ | निर्वाचन आयोग | २७,१४७ | ० | २७,१४७ |
| | १.९ | महान्यायाधिवक्ताको कार्यालय | ३,८१६ | ० | ३,८१६ |
| | १.१० | न्याय परिषद | १,२६७ | ० | १,२६७ |
| २. साधारण प्रशासन | २ | | २,१४३,८१६ | ५५,२०० | २,१९९,०१६ |
| | २.१ | मन्त्रिपरिषद् | ११,६०७ | ० | ११,६०७ |
| | २.२ | श्री ५ को सरकारको सचिवालय | २४६,६७९ | ० | २४६,६७९ |
| | २.३ | जिल्ला प्रशासन | ९७,८२२ | ० | ९७,८२२ |
| | २.४ | प्रहरी | १,५९०,००० | ० | १,५९०,००० |
| | २.५ | कारागार | ८४,१०८ | ० | ८४,१०८ |
| | २.६ | प्रशासन सुधार | १५,५०२ | ५५,२०० | ७०,७०२ |
| | २.७ | विविध | ९८,०९८ | ० | ९८,०९८ |
| ३. राजश्व प्रशासन | ३ | | २५२,९९२ | ० | २५२,९९२ |
| | ३.१ | मालपोत | ११३,२९५ | ० | ११३,२९५ |
| | ३.२ | भन्सार | ६५,७८५ | ० | ६५,७८५ |
| | ३.३ | अन्त:शुल्क | २९,८४० | ० | २९,८४० |
| | ३.४ | कर | २९,५९७ | ० | २९,५९७ |
| | ३.५ | राजश्व न्यायाधिकरण | १,५९३ | ० | १,५९३ |
| | ३.६ | राजश्व अनुसन्धान | ८,१३९ | ० | ८,१३९ |
| | ३.७ | राजश्व प्रशासन तालिम | ४,७४३ | ० | ४,७४३ |
| ४. आर्थिक प्रशासन र योजना | ४ | | ९८,९८२ | ५३,६१३ | १५२,५९५ |
| | ४.१ | योजना | ४,२८३ | ३०,२२३ | ३४,५०६ |
| | ४.२ | तथ्याङ्क | २३,५२५ | २३,३९० | ४६,९१५ |
| | ४.३ | महालेखा नियन्त्रक कार्यालय | ७१,१७४ | ० | ७१,१७४ |
| ५.न्याय प्रशासन | ५ | | १७१,०५८ | ० | १७१,०५८ |
| | ५.१ | अदालत | १७१,०५८ | ० | १७१,०५८ |
| ६.बैदेशिक सेवा | ६ | | ३९२,४११ | ० | ३९२,४११ |
| | ६.१ | ब्रैदेशिक सेवा | ३१८,३८० | ० | ३१८,३८० |
| | ६.२ | विविध | ७४,०३१ | ० | ७४,०३१ |

शिलापत्र shilapatra.com

| | | | | | |
|---|---|---|---|---|---|
| ७. रक्षा | ७ | | १,९३८,०४० | ० | १,९३८,०४० |
| | ७.१ | रक्षा | १,९३०,५७६ | ० | १,९३०,५७६ |
| | ७.२ | विविध | ७,४६४ | ० | ७,४६४ |
| ८. सामाजिक सेवाहरु | ८ | | ४,५५४,५४५ | ८,१०७,९३२ | १२,६६२,४७७ |
| | ८.१ | शिक्षा | ३,६३६,५३८ | १,८९४,२६८ | ५,५३०,८०६ |
| | ८.२ | स्वास्थ्य | ७०५,४२८ | १,३६४,६०८ | २,०७०,०३६ |
| | ८.३ | पाउने पानी | १०,४०७ | १,६२५,४६४ | १,६३५,८७१ |
| | ८.४ | स्थानिय विकास | १५,१०९ | २,६३५,८९० | २,६५०,९९९ |
| | ८.५ | अन्य सामाजिक सेवाहरु | १८७,०६३ | ५८७,७०२ | ७७४,७६५ |
| ९. आर्थिक सेवाहरु | ९ | | १,५०१,९७४ | १४,३९४,०४४ | १५,८९६,०१८ |
| | ९.१ | कृषि | ६८,५९२ | २,७७४,५५० | २,८४३,१४२ |
| | ९.२ | सिंचाई | ११०,८२८ | २,३१६,४९० | २,४२७,३१८ |
| | ९.३ | भूमिसुधार | ३७,११६ | १,९९५ | ३९,१११ |
| | ९.४ | नापी | ५२,४१५ | १८२,८२३ | २३५,२३८ |
| | ९.५ | बन | ४३२,२१२ | ४८४,५६७ | ९१६,७७९ |
| | ९.६ | उद्योग तथा खानी | १९७,१२३ | ३५०,४०२ | ५४७,५२५ |
| | ९.७ | सञ्चार | ३५३,०१२ | १,०००,८०० | १,३५३,८१२ |
| | ९.८ | यातायात | २१६,५४७ | ३,५३४,८९७ | ३,७५१,४४४ |
| | ९.९ | विद्युत | ० | २,८७२,९३१ | २,८७२,९३१ |
| | ९.१ | अन्य आर्थिक सेवाहरु | ३४,१२९ | ८७४,५८९ | ९०८,७१८ |
| १०.ऋण तथा लगानी | १० | | २१,५०० | ० | २१,५०० |
| | १०.१ | ऋण तथा लगानी | २१,५०० | ० | २१,५०० |
| ११. साँवा र ब्याज भुक्तानी | ११ | | ६,२६८,२०४ | ० | ६,२६८,२०४ |
| | ११.१ | साँवा भुक्तानी | २,९२९,५९० | ० | २,९२९,५९० |
| | ११.२ | ब्याज भुक्तानी | ३,३३८,६१४ | ० | ३,३३८,६१४ |
| १२. विविध | १२ | | २,२१४,८०० | २९०,००० | २,५०४,८०० |
| | १२.१ | विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको भ्रमण खर्च | ६०,००० | | ६०,००० |
| | १२.२ | निवृत्तिभरण,भत्ता तथा उपदान | ४८८,५०० | | ४८८,५०० |
| | १२.३ | अतिथि सत्कार | २,००० | | २,००० |
| | १२.४ | आकस्मिक सहायता चन्दा तथा पुरस्कार | २०० | | २०० |
| | १२.५ | मुआब्जा | २०,००० | | २०,००० |
| | १२.६ | अन्य | ३४६,६०० | | ३४६,६०० |
| | १२.७ | भैपरी आउने | १,२९७,५०० | २९०,००० | १,५८७,५०० |
| कुल जम्मा | | | १९,७८९,८२२ | २२,९००,७८९ | ४२,६९०,६११ |

अनुसूची ४

## राजश्व असुली विवरण

रु. हजारमा

| संकेत संख्या | शीर्षक | आ.ब. २०४९।५० को यथार्थ | आ.ब. २०५०।५१ को संशोधित अनुमान |
|---|---|---|---|
| १.१.१.० | भन्सार महसूल | ३,९४४,९८६ | ५,२५५,०४२ |
| १.१.१.१ | पैठारीबाट | ३,१७८,०५९ | ४,३५६,०४९ |
| १.१.१.२ | निकासीबाट | १४०,६७२ | ४२७,००३ |
| १.१.१.३ | भारतीय अन्तःशुल्क फिर्ता | ६२३,४५४ | ४६०,३९९ |
| १.१.१.४ | भन्सारको अन्य आय | २,८०१ | ११,५९१ |
| १.१.२.० | वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने अन्तःशुलक र कर | ५,६८१,३१९ | ७,२६१,११५ |
| १.१.२.१ | औद्योगिक उत्पादनमा अन्तःशुल्क | १,४५२,३७४ | १,५९२,१५४ |
| १.१.२.२ | मदभट्टी ठेक्का रकम | ४१२ | २८६ |
| १.१.२.३ | बिक्री कर | ३,४३८,१६२ | ४,६९३,०९२ |
| १.१.२.४ | मनोरञ्जन कर | ५३,१०५ | ११२,१७४ |
| १.१.२.६ | होटल कर | २२३,४७४ | २१८,३१३ |
| १.१.२.७ | हवाइ उडान कर | २०५,६७४ | २७१,५०८ |
| १.१.२.८ | ठेक्का कर | २९३,०५० | ३५६,४६४ |
| १.१.२.९ | सडक पुल सम्भार कर | ५,६७० | ४,०७८ |
| १.१.२.९ क | अन्य कर | ९,३९८ | १३,०४६ |
| १.१.३.० | मालपोत तथा रजिष्ट्रेशन | ७५४,८९४ | ८३३,१९५ |
| १.१.३.१ | माल र मालपोत कार्यालयबाट उठाउने मालपोत | ६९,३३९ | ६१,००१ |
| १.१.३.२ | नगरपालिका र गाउँ विकास समितिबाट | १३ | ३२ |
| १.१.३.३ | घर जग्गा रजिष्ट्रेशन दस्तुर | ६८५,४६४ | ७७१,९८४ |
| १.१.३.४ | आय टिकट दस्तुर | ७८ | १७८ |
| १.१.४.० | आय, नाफा र सम्पत्ति कर | १,२८१,३१७ | २,०२२,०१६ |
| १.१.४.१ | आयकर –सरकारी क्षेत्र | २५५,२६२ | ५३४,१४१ |
| १.१.४.२ | आयकर– अर्घ सरकारी क्षेत्र | २,६०९ | २,०५७ |
| १.१.४.३ | आयकर–सार्वजनिक क्षेत्र | ९,४९४ | १९,७१२ |
| १.१.४.४ | आयकर – निजी क्षेत्र | ८००,७५४ | १,१८४,७८१ |
| १.१.४.५ | आयकर–पारिश्रमिक | ५६,६७१ | ८३,७५८ |
| १.१.४.६ | घर जग्गा बहाल कर | २६,०५० | ४२,४०३ |
| १.१.४.७ | शहरी क्षेत्र घरजग्गा कर | १६,६५३ | ८,४०३ |
| १.१.४.८ | सवारी साधन कर | ६३,३१२ | ४१,४०४ |
| १.१.४.९ क | ब्याज कर | ४७,३६४ | ९६,६८७ |
| १.१.४.९ ख | सम्पत्ति कर | ३,१४८ | ८,६७० |
| | कर राजश्व जम्मा | ११,६६२,५१६ | १५,३७१,३६८ |
| १.१.५.० | दस्तुर दण्ड जरिवाना र जफत | ३३३,३९५ | २४७,९८० |

| | | | |
|---|---|---|---|
| १.१.५.१ | फर्म रजिष्ट्रेशन दस्तुर | २८,४०१ | ३२,५०० |
| १.१.५.२ | एजेन्सी रजिष्ट्रशन दस्तुर | १५ | ८९ |
| १.१.५.३ | बन्दुक, पिस्तोल रजिष्ट्रेशन दस्तुर | २,१०६ | २,८९१ |
| १.१.५.४ | सावरी इजाजत दस्तुर | ५०,४५६ | ७१,३८५ |
| १.१.५.५ | न्यायिक शुल्क, दण्ड जरिवाना तथा जफत | ३०,२८१ | ४७,३९९ |
| १.१.५.६ | प्रशासनिक दस्तुर, दण्ड जरिवाना तथा जफत | २२२,१३६ | ९३,७१६ |
| १.१.६.० | सरकारी सेवा तथा वस्तुहरुको विक्रीबाट प्राप्त आय | ८८९,५३६ | १,२६९,९४४ |
| १.१.६.१ | पिउने पानी महसूल | ३,९३२ | ६,७५९ |
| १.१.६.२ | पानीपोत | १,२८५ | १,३५८ |
| १.१.६.३ | विद्युत महसूल | १,८८५ | १,२७८ |
| १.१.६.४ | हुलाक सेवा | ९६,४९१ | ११२,८४९ |
| १.१.६.५ | खाद्य कृषि क्षेत्रको आय | २०,४५९ | २१,११८ |
| १.१.६.६ | शिक्षा क्षेत्रको आय | २१,५५६ | २३,७४१ |
| १.१.६.७ | वन क्षेत्रको आय | १८७,३३८ | ३४२,६२३ |
| १.१.६.८ | यातायात क्षेत्रको आय | १७४,५४० | १९१,७११ |
| १.१.६.९ | अन्य सरकारी क्षेत्रको आय | ३८२,०५० | ५६८,५०७ |
| १.१.७.० | लाभांस | ७५५,५४८ | ७७५,६५९ |
| १.१.७.१ | वित्तीय स.स्था | ७५२,०१७ | ७५५,५४६ |
| १.१.७.२ | व्यापारिक संस्था | ३ | ५९६ |
| १.१.७.३ | औद्योगिक संस्था | ३,०१७ | ४४८ |
| १.१.७.४ | सेवामूलक संस्था | ५११ | १९,०६९ |
| १.१.८.० | रोयल्टी तथा सरकारी सम्पत्ति विक्री | ५९,८४२ | ९०,३९१ |
| १.१.८.१ | खानी रोयल्टी | २,३४१ | २,३२९ |
| १.१.८.२ | विद्युत रोयल्टी | १ | १४ |
| १.१.८.३ | अन्य रोयल्टी | ४०,९८५ | ५१,२७६ |
| १.१.८.४ | अन्य विक्री | १२,७६३ | ३३,१९३ |
| १.१.८.८ | टक्सारको अन्य आय | ३,७५२ | ३,५७९ |
| १.१.९.० | साँव र ब्याज | १,४३१,०६४ | १,८१०,९९९ |
| १.१.९.१ | साँवा–कम्पनी र स.स्थानहरुबाट | ७३५,६४६ | ६०६,१२४ |
| १.१.९.२ | ब्याज–कम्पनी र संस्थानहरुबाट | ६९४,७९३ | १,१९१,९११ |
| १.१.९.३ | अन्य साँवा र ब्याज | ६२५ | १२,९६४ |
| १.१.९.० | विविध आय | १६,५१९ | १४,१५९ |
| १.१.९.४ | विविध आय | १६,५१९ | १४,१५९ |
| | गैर कर राजश्व | ३,४८५,९०४ | ४,२०९,१३२ |
| | जम्मा | १५,१४८,४२० | १९,५८०,५०० |

अनुसूची ५

साधारण तर्फको व्यय स्थिति

रु. हजारमा

| मुख्य शिर्षक | अनुदान संख्या | शीर्षक | आ.ब. २०४९।५० को यथार्थ | २०५०।५१ को संशोधित अनुमान |
|---|---|---|---|---|
| १. सवैधानिक अंगहरु | | | १६९,७०० | २११,०७५ |
| | १.१ | श्री ५ महाराजाधिराज तथा राजपरिवार | ५३,८६१ | ५८,१९७ |
| | १.२ | राजपरिषद् | ३,३२६ | ४,३४० |
| | १.३ | संसद | ४८,३०८ | ६५,७७४ |
| | १.४ | सर्वोच्च अदालत | १२,६३२ | १४,१३३ |
| | १.५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ३,१२३ | ४,१२० |
| | १.६ | महालेखा परिक्षकको विभाग | २०,२९४ | २३,४९७ |
| | १.७ | लोक सेवा आयोग | १६,६८९ | १८,१०४ |
| | १.८ | निर्वाचन आयाृग | ७,३४६ | १७,३६१ |
| | १.९ | महान्यायाधिबक्ताको कार्यालय | ३,३८४ | ४,३४० |
| | १.१० | न्याय परिषद | ७३७ | १,२०९ |
| २. साधारण प्रशासन | | | १,८१६,४७० | १,८९२,२६६ |
| | २.१ | मन्त्रिपरिषद् | ८,८०८ | ११,२८० |
| | २.२ | श्री ५ को सरकारका सचिवालयहरु | २३२,७७२ | २०१,६६५ |
| | २.३ | जिल्ला प्रशासन | ८०,३४५ | ८७,७३७ |
| | २.४ | प्रहरी | १,३३१,२०० | १,४२९,२३३ |
| | २.५ | कारागार | ७१,७८२ | ७३,८०९ |
| | २.६ | विविध | ९१,५६३ | ८८,५४२ |
| ३ राजश्व प्रशासन | | | १९१,४२८ | १९९,९२३ |
| | ३.१ | मालपोत | ९०,१३३ | ९२,४७४ |
| | ३.२ | भन्सार | ५५,६४२ | ५६,४८४ |
| | ३.३ | विक्रीकर तथा अन्तःशुल्क | १५,५६३ | १७,७९५ |
| | ३.४ | कर | २९,४०४ | ३२,१६९ |
| | ३.५ | राजश्व न्यायाधिकरण | ६८६ | १,००१ |
| ४. आर्थिक प्रशासन र योजना | | | ६८,३७३ | ८६,१५९ |
| | ४.१ | योजना | ३,३६८ | ३,८०८ |
| | ४.२ | तथ्यांक | ४,४१६ | १८,८५५ |
| | ४.३ | महालेखा नियन्त्रक कार्यालय | ६०,५८९ | ६३,४९६ |
| ५. न्याय प्रशासन | | | १४६,४१६ | १५३,२३५ |
| | ५.१ | अदालत | १४६,४१६ | १५३,२३५ |
| ६ वैदेशिक सेवा | | | ३१०,१३३ | ३२९,८२६ |
| | ६.१ | बैदेशिक सेवा | २३७,०७२ | २६१,९१७ |

| | | | | |
|---|---|---|---|---|
| | ६.२ | विविध | ७३,०६१ | ६७,९०९ |
| ७. रक्षा | | | १,७२३,६०६ | १,८०४,४६७ |
| | ७.१ | रक्षा | १,७१७,२८९ | १,७९६,९९५ |
| | ७.२ | विविध | ६,३१७ | ७,४७२ |
| ८. सामाजिक सेवाहरु | | | १,२६९,३२६ | १,३४४,७२६ |
| | ८.१ | शिक्षा | ६८५,२२२ | ७१६,८४३ |
| | ८.२ | स्वास्थ्य | ४६०,७९५ | ५०३,३९६ |
| | ८.३ | खानेपानी | ४,३६५ | ४,२७९ |
| | ८.४ | स्थानीय विकास | १०,११० | १०,८६८ |
| | ८.५ | अन्य सामाजिक सेवाहरु | १०८,८३४ | १०९,३४० |
| ९. आर्थिक सेवाहरु | | | ५८६,१०५ | ६६५,९६० |
| | ९.१ | कृषि | ४५,५८१ | ४०,७१६ |
| | ९.२ | सिंचाई | ९,५५९ | ९,६६५ |
| | ९.३ | भूमिसुधार | ३१,९४७ | ३४,४१९ |
| | ९.४ | नापी | २५,९०४ | २६,२६९ |
| | ९.५ | बन | २१,२१३ | २५,८३४ |
| | ९.६ | उद्योग तथा खानी | २४,००४ | २३,६०५ |
| | ९.७ | संचार | २६४,९८९ | ३२६,५६३ |
| | ९.८ | यातायात | १४८,७८१ | १६५,३५८ |
| | ९.१० | अन्य आर्थिक सेवाहरु | १४,१२७ | १३,५३१ |
| १०.ऋण तथा लगानी | | | २३,९९० | २१,५०० |
| | १०.१ | ऋण तथा लगानी | २३,९९० | २१,५०० |
| ११. साँवा र ब्याज भुक्तानी | | | ४,५६०,५०६ | ४,८५६,८६८ |
| | ११.१ | साँवा भुक्तानी | १,५९७,८७७ | १,८४४,२४६ |
| | ११.२ | ब्याज भुक्तानी | २,९६२,६२९ | ३,०१२,६२२ |
| १२. विविध | | | ६१८,०८७ | ९९३,७०० |
| | १२.१ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | २७,३३७ | २०,००० |
| | १२.२ | सेवा निवृत्त सुविधा | २१९,२२६ | ४६३,५०० |
| | १२.३ | अतिथि सत्कार | ५३० | २,००० |
| | १२.४ | आकस्मिक सहायता, चन्दा तथा पुरस्कार | ४० | १०,२०० |
| | १२.५ | मुआब्जा | २,५०० | २०,००० |
| | १२.६ | अन्य | २९९,६२९ | ३७८,००० |
| | १२.७ | भैपरी आउने | ६८,८२५ | १००,००० |
| | | कुल जम्मा | ११,४८४,१४० | १२,५५९,७०५ |

शिलापत्र shilapatra.com

अनुसूची ६

## विकास तर्फको व्यय स्थिति

रु.हजारमा

| मुख्य शिर्षक | अनुदान संख्या | उप शीर्षक | आ.ब. २०४९।५० को यथार्थ | आ.ब. २०५०।५१ को संशोधित अनुमान |
|---|---|---|---|---|
| २. साधारण प्रशासन | | | २९,०४४ | ३६,४७० |
| | २.७ | प्रशासन | २९,०४४ | ३६,४७० |
| ४. आर्थिक योजना र प्रशासन | | | १८,७३२ | २५,६२३ |
| | ४.१ | योजना | ६,६२० | १२,२९२ |
| | ४.२ | तथ्याक | १२,११२ | १३,३३१ |
| ८. सामाजिक सेवाहरु | | | ७,२४५,४७६ | ७,३८१,११७ |
| | ८.१ | शिक्षा | ३,४६५,०४५ | ३,५९७,५९० |
| | ८.२ | स्वास्थ्य | ६००,१८३ | ८७५,५७३ |
| | ८.३ | खानेपानी | १,८२१,३६२ | १,२९९,०७३ |
| | ८.४ | स्थानीय विकास | ६५६,१२२ | ९४३,४७० |
| | ८.५ | अन्य सामाजिक सेवाहरु | ७०२,७६४ | ६६५,४११ |
| ९. आर्थिक सेवाहरु | | | १२,१११,४३६ | १३,९१९,२७५ |
| | ९.१ | कृषि | २,०७७,१५१ | २,५९७,९६५ |
| | ९.२ | सिंचाई | २,०१७,२८७ | २,२८५,६४६ |
| | ९.३ | भूमिसुधार | ५,८६३ | ४,८७२ |
| | ९.४ | नापी | १०८,३९९ | १६१,६०० |
| | ९.५ | बन | ९२८,८१४ | ९१९,६५३ |
| | ९.६ | उद्योग तथा खानी | १,०८५,६३६ | ५५८,५७५ |
| | | (क) उद्योग | ० | ४८२,९३४ |
| | | (ख) खानी | ० | ७५,६४१ |
| | ९.७ | सञ्चार | ४७४,७३१ | ७६१,९८७ |
| | | (क) हुलाक | ६,५६८ | १४,४८४ |
| | | (ख) दूर संचार | ४६८,१६३ | ७४७,५०३ |
| | ९.८ | यातायात | २,८४३,९६० | ३,१५१,२६० |
| | | (क) सडक | २,४९९,४५१ | २,१७१,८१० |
| | | (ख) पूल | ५३,७११ | २५३,१०८ |
| | | (ग) हवाई | २९०,७९८ | ६००,८६२ |
| | | (घ) अन्य यातायात | ० | १२५,४८० |
| | ९.९ | विद्युत | २,२२९,०५४ | २,९७४,५५३ |
| | ९.१० | अन्य आर्थिक सेवाहरु | ३४०,५४१ | ५०३,१६४ |
| | | (क) वाणिज्य | ३७,४०५ | २१,६८३ |
| | | (ख) श्रम | १५,३३३ | १४,०९५ |
| | | (ग) पर्यटन | ६१,८३६ | ११४,४३३ |
| | | (घ) हावापानी तथा जलवायू | १९,३२० | १९,२७४ |
| | | (ङ) आपूर्ति | १५६,६४७ | ३२९,००० |
| | | (च) अन्य | ५०,००० | ४,६७९ |
| १२. विविध | | | ८,८८५ | १२०,००० |
| | १२.७ | भैपरी | ८,८८५ | १२०,००० |
| | कूल जम्मा | | १९,४१३,५७३ | २१,४८२,४८५ |